वर्ष : १४, अंक : ३८, काठमाडौं, २०७५ पुस २७ गते शुक्रबार 11 January 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## "लाल प्रतिवेदन सार्वजनिक गर"

काठमाडौं । राजपाले तराई मधेश र थरूहट आन्दोलनको छानविन प्रतिवेदन सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराएको छ । प्रतिनिधिसभा बैठकमा समय मागेर बोल्दै राजपाका सांसद लक्ष्मणलाल कर्णले ७५ जनाको ज्यान जाने गरी भएको तराई मधेश, थरूहट आन्दोलनको छानविन प्रतिवेदन सार्वजनिक गर्न माग गरेका हुन् । पूर्व न्यायाधीश गिरिशचन्द्रलाल संयोजकत्वको जाँचबुझ आयोगले २०७४ मंसिर २९ गते नै प्रतिवेदन तयार गरी तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिवेदन बुझाईसकेको उल्लेख गर्दै उनले प्रधानमन्त्रीले प्रतिवेदनबारे अनभिज्ञता जाहेर गर्न नमिल्ने दाबी गरे । उनले भने, 'आजका प्रधानमन्त्रीले मैले प्राप्त गरेको छैन भन्दा यो भन्दा हास्यास्पद अरू के होला? के प्रधानमन्त्री कार्यालय फेरिईसकेको छ? प्रधानमन्त्री कार्यालयका कागजहरू दहन हुन्छ एउटा प्रधानमन्त्री गईसकेपछि ?'प्रधानमन्त्री फेरिने तर पद नफेरिने भन्दै उनले आफूलाई जानकारी छैन भन्नुले प्रधानमन्त्री सो प्रतिवेदन प्रति गम्भीर नबनेको स्पष्ट भएको दाबी गरे । सांसद कर्णले प्रतिवेदन सार्वजनिक भएन भने आफूहरू संसद अवरोध गर्न बाध्य हुने भन्दै तत्काल सार्वजनिक गर्न सभामुख मार्फत सरकारलाई निर्देशन जारी गर्न सभामुखको ध्यानाकर्षण गराए । यसैबीच सांसद कर्णले उठाएको सवालमा सभामुख महराले पनि सरकारको विशेष ध्यानाकर्षण गराएका छन् ।

## "यूएनको मानवअधिकारमा मुद्दा दिइने"

काठमाडौं । बर्दिया जिल्लाको प्रहरी हिरासतमा मृत्यु भएका राम मनोहर यादवको हत्यारा भएको दाबी गर्दै स्वतन्त्र मधेश गठबन्धले यूएनको मानवअधिकार विभागमा मुद्दा दिने तयारी गरिरहेको जनाएको छ । संयुक्त राष्ट्र संघको मानवअधिकार विभागमा मुद्दा चलाउन स्वतन्त्र मधेश गठबन्धनले स्व.राम मनोहरको आमामार्फत अमरिकाको मेरिल्याण्डमा बस्ने ईन्द्रजित यादवलाई वारिसनामा दिएकी छन् । वारिसनामामा अन्तराष्ट्रियस्तरका सम्पूर्ण निकायहरूमा मुद्दा चलाउनलाई अधिकार गरेकी हुन् । राममनोहरको मृत्यु भएको बुधबार १३० दिन बितिसक्दा पनि उनको अन्तिम संस्कारसमेत भएको छैन । नेपाल राष्ट्रिय मानवअधिकार आयोगले पटक पटक आश्वासन दिंदा पनि राम मनोहर हत्या सम्बन्धमा प्रतिवेदनसमेत सार्वजनिक गरेको छैन । राम मनोहर यादवको परिवार अस्तव्यस्त हुँदा पनि न्यायिक छानविन समिति गठन नभएसम्मा शव नबुझने अडानमा छ ।

# एक तीरबाट दुइ शिकार

## राजपा प्रफुल्लित हुँदा फोरम संकटमा

**मधेशवाणी डेस्क**

काठमाडौं । रेशम चौधरी पुस १९ गते संसद भवनमा सपथ ग्रहण गरिरहँदा मधेश र थरूहटमा खुशीयाली स्वरूप दीप प्रज्वलन गरिएको थियो । थरूहट आन्दोलनका क्रममा २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा आठ जनाको ज्यान जाने गरी भएको हिंसात्मक घटनाका चौधरी मुख्य आरोपी मानिएका हुन । राजपाले उनी निर्दोष भएको भन्दै उनीविरूद्ध लगाइएको मुद्दा फिर्ता लिन माग गर्दै आएको थियो ।

चौधरी प्रतिनिधिसभामा कैलाली-१ बाट ३४ हजार ३ सय ४१ मत ल्याएर निर्वाचित भएका हुन् । निर्वाचित प्रमाणपत्र नपाएका उनी प्रहरीको मोस्ट वान्टेड सूचीबाट हटेका थिएनन् । टीकापुर घटनामा संलग्न भएको आरोपमा चौधरीसहित २७ जनामाथि मुद्दा चलाइएको थियो । २०७४ मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभाको दोस्रो चरणको निर्वाचनमा चौधरी विजयी भए पनि उनी निर्वाचित भएको १३ महिनापछि मात्र सपथ लिन पाएका हुन ।

डिल्लीबजार कारागारबाट सांसद पदको शपथग्रहण गर्न संसद् सचिवालय लगिएका चौधरी सांसदको लोगोसहित कारागार फर्किए । चौधरीको सपथ प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारको भविष्य र राजपाको 'फेस सेभिङ' सँग जोडिएको छ । यो शपथग्रहणबाट एउटै तीरले दुइटा शिकार भएको छ- प्रधानमन्त्री ओली र राजपाका लागि ।

ओलीले सधैं विरोध गरिरहने रेशमलाई आफ्नै कार्यकालमा सांसद बनाएका छन् । उनले नचाहेका रेशमले तत्काल सांसदको शपथ गर्न पाउने थिएनन् । उनलाई तत्काल शपथ गराउनुमा ओलीको बाध्यता देखिन्छ । चौधरीको शपथ नगराउँदा राजपा ओली सरकारलाई दिएको समर्थन फिर्ता लिने धम्की दिंदै आएको थियो भने आफनै पार्टी भित्र र बाहिरबाट सरकारप्रति बढ्दो आलोचनाका बीच राजपाको समर्थन फिर्ताले बढ्ने थप दबाबबाट प्रधानमन्त्रीलाई मुक्ति मिलेको छ । राजपाको बुझाइमा रेशम चौधरीको शपथग्रहणले सरकार र राजपाबीच बढ्दै गरेको दूरी कम भएको छ । राजपासँग प्रधानमन्त्रीले गरेको प्रतिबद्धताअनुसार नै चौधरीको शपथग्रहण भएको राजपा नेताहरूको बुझाइ छ । यद्यपी चौधरीको सपथ पछि राजपाले सरकारको समर्थन फिर्ता रोकेको भएपनि उसले यसबारे औपचारिक धारणा बाहिर ल्याएको छैन ।

पुस १९ गते प्रधानमन्त्री ओली र राजपा अध्यक्षमण्डलको नेताहरूबीच भएको भेटमा प्रधानमन्त्रीले मधेशको माग पूरा गर्ने भन्दै एक साताको समय मागेका थिए । त्यसको नवौं दिमा प्रधानमन्त्रीले चौधरीको सपथ गराएर राजपालाई फकाउने सबैभन्दा सजिलो उपाय निकाले । चौधरीको सपथबाट मधेशको माग क्रमश: पूरा गर्दै जाने सन्देश दिन प्रधानमन्त्री सफल भएका छन् भने सरकारलाई दिएको समर्थन फिर्ता लिन राजपा पनि नैतिक रूपले हारेको छ ।

तर चौधरीको सपथबाट उत्साहित राजपा ओलीको विगतको छविलाई भने बिर्सेको छ । चौधरीको पहिला शपथग्रहण नहुनुमा प्रधानमन्त्री ओली स्वयं पनि कारक थिए । टीकापुर घटनालाई आतंककारी र आपराधिक रूपमा चित्रण गर्दै २०७२ ७ भदौ मा ओलीले भनेका थिए, 'आतंककारी र आपराधिक घटनामा सरकारले डटेर सामना गर्नुपर्छ ।' तत्कालीन एमाले त्यस घटनाको चर्को आलोचक थियो र ओली एमालेका अध्यक्ष थिए ।

राजपाले प्रधानमन्त्रीमा ओलीलाई समर्थन गर्दा नै संविधान संशोधनसँगै चौधरीको शपथग्रहण र रिहाइलाई मुख्य शर्त बनाएको थियो । शपथ गराउने अनौपचारिक सहमतिमा टीकापुर घटनाको ३० महिनापछि २०७४ १४ फागुनमा चौधरीले आत्मसमर्पण गरेका थिए । जिल्ला अदालत कैलालीले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि जेल जीवन बिताइरहेका उनले २०७४ २० फागुनमा जिल्ला कारागार कैलालीमा आमरण अनशन सुरू गरे । चौधरीको १८ दिन लामो आमरण अनशन तोडाउन प्रधानमन्त्री ओलीसँग राजपाले सघन वार्ता गरेको थियो । त्यही सहमतिअनुसार चौधरीलाई गृहमन्त्री रामबहादुर थापाले जुस खुवाए अनशन तोडाएका थिए । अनशन तोडाउनुको पछाडि चौधरीको सपथ गराउनु नै थियो । तर त्यतिबेला अन्तिम समय सरकार सपथ गराउनबाट पछि हटेको थियो ।



राजपामा राजेन्द्र महतो अध्यक्षमण्डलको संयोजक भएपछि चौधरीको शपथग्रहण गराउन उनले आफनो प्रयासलाई तीव्रता दिएका थिए । किनभने चौधरी पूर्व संयोजक महन्थ ठाकुरभन्दा महतो निकट मानिन्छन । निर्वाचनको सम्मुखमा महतोको प्रस्तावमै उनी उम्मेदवार भएका थिए ।

### राजपाको राजनीति

चौधरीको सपथ पछि राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लिन्छ वा लिदैन भन्ने चासो सर्वत्र बढेको छ । किनभने चौधरीको सपथबाट मात्र राजपाले उठाउँदै आएको माग पूरा भएको छैन । यद्यपी चौधरीलाई शपथ खुवाएसँगै सरकारप्रति राजपाको विश्वास बलियो हुँदै गएको छ । उता प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले चौधरीको शपथ गलत भएको भन्दै आपत्ति जनाएको छ भने सत्तारूढ नेकपा, संघीय समाजवादी फोरम भने त्यसको समर्थन गरेको छ । प्रधानमन्त्रीकै पहलमा चौधरीको शपथ गरिए पनि सरकार यसबारे चुप छ । प्रधानमन्त्री ओलीले पुस २२ गते सरकारका कामबारे संसदमा जानकारी दिइरहँदा चौधरीका विषयमा मौन रहे भने संविधान संशोधनसहित मधेशका माग बारे केही बोलेनन । चौधरीको शपथसँगै राजपा अब सरकारलाई दिएको समर्थन फिर्ता नलिने सम्भावना पनि बढेको छ । नेकपाका नेताहरूले राजपाको सरकारमा जाने चर्चा पनि गर्न थालेका छन् । सरकारले राजपाको माग पूरा गर्ने पहिलो कदम स्वरूप चौधरीको शपथ भएको भन्दै स्वयं राजपा भित्र पनि चौधरीको रिहाइपश्चात सरकारमा जानुपर्ने धारणा राखेका छन् । चौधरीको शपथसँगै राजपाका नेताहरूले आफूहरूको माग पूरा गर्नेमा आशावादी देखिएका छन् । सरकार एक कदम अघि बढेको उनीहरूको धारणा छ ।

### फोरमको भूमिका

संघीय समाजवादी फोरम अहिले सरकारमा छ । संविधान संशोधन गराउने भन्दै सरकारमा गएको फोरम पनि चौधरीको सपथ हुनुपर्ने धारणा राखेको थियो । चौधरीको सपथलाई पनि उसले स्वागत गरेको छ । तर सपथसँगै उब्जिएको राजनीतिक तरगंबाट भने फोरम पछि छैन । चौधरीको सपथ लगतै त्यसको यश आफूले पनि लिने गरी फोरमले हतार हतार पुस २१ गते प्रधानमन्त्रीलाई भेटेर १२ बुँदे स्मरण पत्र बुझाए । त्यसमा उसले संविधान संशोधन संसदको यसै शत्रमा पारित हुनुपर्ने भन्दै मधेश/थरूहट आन्दोलनका नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दा फिर्ता गराउन पनि सरकारसँग माग गरे । सारमा फोरमको स्मरण पत्र चौधरीको सपथबाट मधेशका छाएको खुशीमा आफनो पनि हक रहेको भन्ने देखाउँछ । नत्र उसले चौधरीको सपथका लागि अहिलेसम्म न त बोलेकै थियो न त पहल नै गरेको थियो । चौधरीको सपथको यश राजपाको खातामा एकलौटी जाने भएको देखेर फोरम आतिएको छ । त्यसैले उसले प्रधानमन्त्रीलाई स्मरण पत्र बुझाएको हो । फोरमलाई ओली र राजपाबीचको सम्बन्ध सुधारको पनि त्रास छ । सरकार बाहिर बसेर राजपाले प्रधानमन्त्रीलाई मधेशका अन्य माग पूरा क्रमश: पूरा गराउँदै गयो र प्रधानमन्त्र पनि राजपाप्रति लचिलो भयो भने फोरम सरकारमा गएको औचित्य समाप्त हुने पनि उसलाई डर छ ।

### "चौधरीले सुविधा पाउँदैनन्"



काठमाडौं । प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराले हाल पुर्पक्षका लागि थुनामा रहेका कैलालीको निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभाका सांसद रेशमलाल चौधरीलाई पुस १९ गते शपथ गराएको र शपथपछि पुन:थुनामा रहेको जानकारी सदनलाई गराएका छन् । सभामुख महराले नियमानुसार चौधरीले हाल सांसदको कुनै पनि कार्य गर्न तथा सेवा सुविधा नपाउने पनि स्पष्ट पारे ।

## प्रदेश २ को शैक्षिक सूचकांक

| क्र.सं. | सूचक | नेपाल | सबैभन्दा राम्रो भएको प्रदेश | सबैभन्दा कमजोर भएको प्रदेश |
|---|---|---|---|---|
| १ | साक्षरता दर (२०६८ को जनगणना अनुसार) | ६५.९४ प्रतिशत | ७४.८५ (प्रदेश नं ३) | ४९.५४ (प्रदेश नं २) |
| २ | महिला साक्षरता दर (२०६८ को जनगणना अनुसार) | ५७.३९ प्रतिशत | ६७.०४ (प्रदेश नं ३) | ३८.८८ (प्रदेश नं २) |
| ३ | प्राथमिक तहको भर्ना दर | ९७.२ प्रतिशत | ९७.९ (कर्णाली प्रदेश) | ९५.७ (प्रदेश नं २) |
| ४ | कक्षा ६ देखि ८ सम्मको भर्ना दर | ८७.४ प्रतिशत | ९२.९ (गण्डकी प्रदेश) | ६२.८ (प्रदेश नं २) |
| ५ | कक्षा ९ र १० को भर्ना दर | ६५.९ प्रतिशत | ७१.८ (प्रदेश नं ३) | ५६.३ (प्रदेश नं २) |
| ६ | महिला शिक्षकको दर | ३६.८८ प्रतिशत | ४६.२६ (प्रदेश नं ३) | २४.१९ (प्रदेश नं २) |
| ७ | निम्न माध्यमिक र माध्यमिक तहमा विद्यार्थीको लैङ्गिक सूचक | नि.मा.वि ८७.४<br>मा.वि ०.९८ | १ (प्रदेश न. ३) | ०.८७ (प्रदेश नं २) |

(स्रोत Education in Figure 2017 MOEST)

थर्ड आई

बीपी साह



# मधेश राजनीति : गति, सम्भावना र चुनौती

**नेपाली राजनीति पक्षधर (कांग्रेस-नेकपा), मधेश मूलधार राजनीति (राजपा-फोरम) र मधेशको वैकल्पिक राजनीति (स्वतन्त्रता पक्षधर) गरी तीनवटा धार थियो । तर अहिले नेपाली राजनीतिमा मधेशको मूलधारको राजनीतिमा समाहित भएपछि अब नेपाली राजनीति र मधेशको वैकल्पिक राजनीति मात्र कायम छ ।**

स्वतन्त्र मधेशका अभियन्ता जयकृष्ण गोइतले भनेका थिए, 'संसदीय राजनीतिबाट मधेशले धरै आशा गर्नु हुँदैन । नेपाली राज्यको संरचनामा संसदीय अंक गणितबाट मधेशले धरै कुरा गुमाउने छ र थोरै कुरा पाउनेछ । त्यसले मैले सशस्त्र संघर्षको बाटो रोजें र मधेश मुक्तिका लागि लड्दैछु ।' कम्युनिजम बुझेका गोइतले नेपाली संसदीय व्यवस्थालाई राम्ररी बुझेको हुनु पर्छ । र, उनको विश्लेषण पनि यर्थाथमा परिणत हुँदै गएको छ । नेपाल संसदीय व्यवस्थामा प्रवेश गरेदेखि नै मधेशले पाउनुभन्दा बढी गुमाउनु परेको छ । राजा-राणाकालीन शासनमा पनि प्रतिनिधिमूलक मधेशीहरूले सत्ता-शासनको उपयोग गर्न पाएका थिए भने प्रजातन्त्र-लोकतन्त्र-गणतन्त्रमा पनि त्यही प्रक्रिया चलेको छ । अहिले पनि मधेशका प्रतिनिधि पात्रहरूले संसदीय व्यवस्थामा फाइदा लिदैछन् । यस्ता पात्रहरू सबै व्यवस्थामा हुन्छन्, जसले राज्यको नीति बमोजिम आफूलाई उपयोग गर्छन् । तर तिनीहरूले आफ्ना मुद्दा, आफ्नाजनको हित सोच्न भ्याउँदैनन् ।

वर्तमान मधेश राजनीति पनि नेपाली मूल राजनीतिमा समाहित भएको छ । जो, सत्ता उपयोगलाई प्रमुख योजना बनाएको छ । यसअघि केही व्यक्तिहरूले मधेश राजनीतिलाई सत्ताभोग मुखी बनाउँथे भने अहिले मुख्य राजनीतिक धार नै सत्ता उपयोगमुखी बनेको छ । सत्ता उपयोग गर्नुको अर्थ खराब होइन तर सत्ताको उपयोग व्यक्तिका लागि गर्नु उपयुक्त होइन । जहाँ सयौं वर्षदेखिको उत्पीडत र विभेद छ, त्यहाँ व्यक्ति वा समूहका लागि सत्ता उपयोग गर्नु नाजायज ठहरिन्छ । त्यसकारण सत्ता उपयोगीको भूमिकामा देखिएका फोरम नेपाल र राजपाले सत्ता उपयोगलाई फराकिलो बनाउनु जरूरी छ । चुनावमुखी र व्यक्तिमुखी सत्ता उपयोगले यिनीहरूलाई घात गर्ने निश्चित छ ।

सत्ता साझेदार फोरम नेपाल र सत्ता समर्थित राजपा नेपालीकरण र नेपाली राजनीतिमा 'को-अप्ट' भइसकेका छन् । यिनीहरूलाई अव मधेश ध्रुवमा ध्रुवीकरण गर्न कठिन छ । यिनीहरू अव मधेशलाई काठमाडौंको शासकले हेर्ने शैलीमा हेर्न सुरू गरिसकेका छन् । मधेश समस्याको समाधान रेडिमेट तरिकाले खोज्दैछन् । अर्थात आफूलाई केन्द्रमा राखी यिनीहरू समस्या समाधान खोज्दैछन् । जुन उपायले यिनीहरूलाई ९० प्रतिशत र मधेशीजनलाई १० प्रतिशत फाइदा होस्, त्यो उपायको खोजीमा राजपा र फोरम लागेको छ । यिनीहरूले यो उपायको खोजी गरेर प्रयोग गर्न सफल भए भने मधेश राजनीति र मधेशी पुन: एक सत्तावादीका लागि बन्धक बन्ने छन् । र, त्यती बेलासम्म मधेशीप्रतिको नेपालीय विभेद चरम सीमामा पुग्नेछ । अहिलेको जस्तो भद्दा शैलीको विभेद हुने छैन । त्यतिबेला विभेदको स्वरूप निकै फरक हुनेछ ।

नेपाली संसदीय व्यवस्थाबाट आएको संविधानले विभेदलाई संस्थागत गरेको छ । विभेदको स्वरूपलाई बैध बनाएको छ । आधुनिक युद्ध कलाकौशलको प्रयोग नेपाली संविधानमा गरिएको छ । अहिलेको युद्ध हतियार वा

बाँकी अन्तिम पृष्ठमा





## सम्पादकीय

# प्रधानमन्त्रीको सम्बोधन र मधेशबारे मौनता

पुस २२ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा सार्वजनिक महत्वको वक्तव्य दिएका छन् । सरकार गठन भएको दश महिना र चालू आर्थिक वर्षको पाँच महिनासम्मको अवधिमा सरकारले गरेका कामबारे प्रधानमन्त्रीले सदनलाई जानकारी दिएका हुन् । वक्तव्यमा प्रधानमन्त्रीले आर्थिक सूचक सकारात्मक रहेको र सरकार जनताका सरोकारका विषयमा गम्भीर रूपले काम गरिरहेको जानकारी गराए । साथै उनले केही राजनीतिक विषयको चर्चा गरे पनि मधेशको माग र सरोकारको विषयमा भने मौन रहे ।

वर्तमान सरकार गत वर्ष फागुनमा गठन भएको हो । फागुन ३ गते सरकार गठन भएपछि संघीयता कार्यान्वयन र समृद्धिलाई मुख्य कार्यभारका रूपमा अगाडि बढाउँदै आएको छ । प्रधानमन्त्रीले सम्बोधनका क्रममा भने जस्तै सरकारको यस वर्षको कार्यभार राज्यको संरचनागत व्यवस्थापन नै हो ।

तर प्रधानमन्त्रीले पटक पटक कबुल गरेको विषयमा उनले आफ्नो सम्बोधनमा चर्चा नगर्नु र यसलाई संसदमा छलफलको विषय नबनाउनु निश्चय पनि मधेशप्रति बेइमानी हो ।

यद्यपी प्रधानमन्त्रीले आफ्नो एक घण्टा बढी लामो सम्बोधनमा सरकारले गरेको कामको 'प्रोग्रेस रिपोर्ट' प्रस्तुत गर्नुका साथै समसामयिक विषयमा पनि आफ्ना

**प्रधानमन्त्रीले राजपासँग मधेशको मुद्दा समाधान गर्न एक हप्ताको समय मागेका थिए भने फोरमले पनि मधेशको मुद्दाको समाधान नभएको भन्दै प्रधानमन्त्रीलाई स्मरण गराएका थिए। यी दुवैलाई बिर्सेर प्रधानमन्त्रीले संसदलाई छल्नु भनेको पक्कै राम्रो राजनीतिक चरित्र होइन।**

धारणा राखेका थिए तर त्यसभित्र संविधान संशोधनको विषय चाँही परेको छैन । प्रधानमन्त्रीले संसदलाई सम्बोधन गरिरहँदा मधेशले संशोधनको विषयमा सरकारको औपचारिक धारणाको अपेक्षा गरेका थिए । तर ओलीले संसदमा बोल्दै गर्दा अपेक्षा गरेका केही विषयमा भने मौन देखिए । मधेशका मुद्दामा उनको मौनता रहस्मय छ ।

किनभने प्रधानमन्त्रीले राजपासँग मधेशको मुद्दा समाधान गर्न एक हप्ताको समय मागेका थिए भने फोरमले पनि मधेशको मुद्दाको समाधान नभएको भन्दै प्रधानमन्त्रीलाई स्मरण गराएका थिए । यी दुबैलाई बिर्सेर प्रधानमन्त्रीले संसदलाई छल्नु भनेको पक्कै राम्रो राजनीतिक चरित्र होइन ।

निश्चय पनि प्रधानमन्त्री ओलीले संसदमा सम्बोधन गर्दा मधेशबारे मौन बस्नु आश्चर्यको विषय हो । संविधान संशोधनको लागि वर्तमान सरकारले के गर्दैछ त्यसबारे प्रधानमन्त्रीले संसदलाई जानकारी दिनु पदर्थ्यो । तर, उनले यस विषयमा केही पनि नबोलेनन् । संविधान संशोधन र मुद्दा फिर्ताबारे सात दिनभित्र काम अघि बढाउँछु भन्ने प्रधानमन्त्री ओलीले मधेशको 'म' र संविधानको 'स' पनि उच्चारण नगर्नुलाई कतै उनी यस विषयप्रति अहिले पनि गम्भीर नरहेको त जनाउँदैन ? यदि त्यसो हो भने यो पक्कै सुखद संकेत होइन ।

संविधान संशोधनलगायतका विषयमा प्रधानमन्त्री ओलीले कुरा अगाडि नबढाएपछि राजपा नेपालले संसदमा कडा रूपमा प्रस्तुत हुने निर्णय गरिसकेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभामा कसरी प्रस्तुत हुने भन्नेबारे रणनीति बनाउनका लागि राजपा नेपालले संसदीय दलबाट वृषेशचन्द्र लालको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति पनि गठन गरेको छ । अब हेर्नुछ, प्रधानमन्त्री र उनको दल तथा मधेशका दुई दलको आगामी बाटो र रणनीति के हुनेछ । संविधान सशोधनको नाममा देश कहीं मुठभेडको स्थितिमा जाने त छैन । सर्वत्र चिन्ताको विषय बनेको छ ।

संसद भनेको मुलुकका नीति, रणनीति र योजना छलफल हुने थलो हो । जनताका चासोका विषयमा दलहरूले आफनो आवाज उठाउनैपर्छ । सरकारले गरेको राम्रा नराम्रा कामको समीक्षा हुनुपर्छ र त्रुटि देखिए सच्याउन तयार हुनुपर्छ । संसदमा हुने छलफललाई औपचारिकतामा सीमित नगरी परिणामुखी बनाउनुपर्छ । शान्ति, स्थिरता र समृद्धितर्फको यात्रातर्फ मुलुक अगाडि बढिसकेको अवस्थामा यसलाई सफल बनाउन सबैको सहकार्य आवश्यक छ र यसका लागि सरकार र सत्तासीन दल गम्भीर हुन आवश्यक छ ।

## साताको सात बात



असहमति जनाउने अधिकार सबैमा छ, तर ती असहमतिमा आधार हुनुपर्छ । मैले पेस गरेको आँकडा तथ्यमा आधारित छ, भ्रुटो आँकडा प्रस्तुत गरेको छैन । देशलाई अबको तीन वर्षमा आर्थिक रूपमा माथि उठाउने र १२ वर्षभित्र दिगो विकास लक्ष्य हाँसिल गर्नुछ त्यसैले विकासका कार्यक्रमलाई तिव्रता दिन जरूरी छ । **केपी ओली, प्रधानमन्त्री**



विकास निर्माण र पुनर्निमाणको क्रममा सबैले हातेमालो गरेर अगाडी बढ्न जरूरी छ । विकास निर्माणमा सत्तापक्ष र प्रतिपक्ष भन्ने हुँदैन अहिलेको स्थिती त्यही हो । सत्तापक्ष र प्रतिपक्षबीच राष्ट्रिय मुद्दामा समझदारीका साथ अगाडी बढ्ने सहमति भएको छ । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी**



प्रधानमन्त्रीले अर्थतन्त्रका सबै सूचकाङ्क सकारात्मक दिशामा अगाडी बढेको भन्दै संसदमा भ्रुटो अभिव्यक्ति दिनुभयो तर व्यवहारमा भने त्यसको ठिक उल्टो अवस्था रहेको छ । सरकारका गलत गतिविधि विरूद्ध आवाज उठाउने विषयमा कांग्रेस सधै एक ढिका छ । **डा. रामशरण महत, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**



वाइडवडी जहाज खरिद प्रक्रियामा मेरो कहि कतै कुनै किसिमको संलग्नता छैन । सर्वोच्च अदालतको आदेश र विमान खरिद विक्री सम्झौतामा उल्लेखित भुक्तानी तालिका अनुसार काम गरेको छु । मैले किस्तामा पठाइने भुक्तानी रोक्दा पहिले नै पठाइ सकिएको नौ अर्ब जोखिममा पर्ने अवस्था थियो । **रविन्द्र अधिकारी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री**



केपी ओली नेतृत्वको सरकारले जनतालाई आश्वस्त पार्न सकेको छैन । राजनीतिक गतिविधि सन्तोषजनक छैन । यस्तो अवस्थामा राजपाले सरकारलाई समर्थन गरिरहनुको कुनै औचित्य देखिदैंन । हामी संविधान संशोधनको मुद्दाबाट पछि हटेका छैनौं । **राजकिशोर यादव, नेता, राष्ट्रिय जनता पार्टी**



मधेश तथा थारू आन्दोलनका क्रममा भएका मानव अधिकार उल्लङघनका घटनाहरूबारे छानविन गर्न तयार परिएको प्रतिवेदन सार्वजनिक नगर्नु दु:खद छ । लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक नगरे हामी सरकार विरूद्ध उभिने छौं । **लक्ष्मणलाल कर्ण, प्रमुख सचेतक राष्ट्रिय जनता पार्टी**



टीकापुर घटना समाजिक सन्जालमा जिस्क्याउने घटना होइन एउटा वर्गीय जातीय भावनालाई ठेस लागेको घटना हो । आज टिकापुर उजाड छ, दोषी भए प्रमाणीत गरिदिनुस् होइन भने हामीले समाज मिलाउनुपर्छ । हामी न्यायलयबाट न्याय चाहन्छौं भिख होइन । **रेशमलाल चौधरी, प्रतिनिधिसभा सदस्य**

# केपी ओलीको चेत खुलेको छ



**मनिष सुमन**

हाम्रा पार्टीका सांसद रेशम चौधरलाई पद तथा गोपनियताको सपथ गराएर सरकारले अहिलेसम्मको आफ्नो कार्यकालमा यो काम अल्लि चेत पुऱ्याएर गरेको जस्तो मलाई लागेको छ । यो कदमलाई हामीले स्वागत गरिसकेका छौं । रेशम चौधरी लोकतन्त्रको विधि र प्रक्रिया अनुसार निर्वाचन क्षेत्रबाट अत्याधिक बहुमतले निर्वाचित लोकप्रिय जनप्रतिनिधि हुन् , तिनीलाई जनप्रतिधि भएको मान्यता दिन सरकारले कन्जुस्याँई गरेको थियो र अहिले आएको त्यो कन्जुस्याँईमा उदारता देखाएको छ । उनको सपथ ग्रहण गराईएको छ । यसै अनुसार थरूहट र मधेश आन्दोलनको समयमा उनीमाथि लगाईएका सबै मुद्दाहरू नेपाल सरकारले फिर्ता लिनेछ भन्ने हामीले विश्वास लिएका छौं । रेशम चौधरीले न्यायको पहिलो खुड्किलो पार गरेका छन् ।

हाम्रो पार्टीलाई दिएको एक हप्ताको समयमा प्रधानमन्त्रीले सपथ गराएर हामीलाई भुल्याउन खोजेका हुन भने त्यो मूल मात्र हो । यदि प्रधानमन्त्रीले त्यस्तो रणनीति अपनाएका हुन भने हामी पनि सावधान छौं । हामीले दबाब दियौं भने सरकार हल्का झुक्दो रहेछ नभए पहिले कै अवस्थामा बस्दो रहेछ । प्रधानमन्त्रीको रणनीति अनुरूप हामी पनि रणनीति बनाउन तल्लिन छौं ।

कानुनी केही जटिलताहरू छन् जसले गर्दा रेशम चौधरी अहिले पनि थुनामै बस्नुपर्ने बाध्यता छ । प्रक्रिया पुऱ्याएर अदालतबाट हुन्छ कि राजनीतिक निर्णय गरेर हुन्छ नेपाल सरकारले थरूहट आन्दोलनमा रेशम चौधरी माथि लगाइएको मुद्दा फिर्ता गरिनुपर्छ र उनी लगायत अन्य सबै कार्यकर्तालाई आम नेपाली सरह रिहा गरिनुपर्छ भन्ने हाम्रो माग हो ।

संसदीय प्रक्रिया अनुसार रेशम चौधरी निलम्बनकै प्रक्रियामा छन् । अदालतले उनलाई पूर्वपक्षको लाथि थुनामा राखेकोले र प्रहरीले उनलाई एउटा मुद्दामा अभियुक्त बनाएकोले उनी निलम्बरको अवस्थामा रहन्छन् । त्यो निलम्बनको अवस्थाबाट बाहिर आउने बाटो भनेको यो मुद्दाको अन्तिम फैसला अथवा मुद्दा फिर्ताको प्रक्रिया हो ।

हामीले मधेश थरूहट आन्दोलनमा घटेका घटनाहरूको छानविनको लागि उच्च स्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न कुरा उठाइरहेका छौ । हामीले ३/४ वटा विषयलाई विशेष महत्व दिएर उठाइरहेका छौं । संविधान संशोधन, आन्दोलनको समयमा शहादत प्राप्त गरेकालाई सहिद घोषणा घाइतेलाई उपचार, आन्दोलनको समयमा लगाईका झुट्टा मुद्दा खारेजी, नेपालको संविधान मधेशी, जनजाति, थारूमैत्री हुनुपर्छ भन्ने हाम्रो मान्यता थियो र छ खस आर्यमैत्री संविधानलाई हामीले स्वीकार गरेर अपनत्व महसुस गर्न सकिरहेको छैनौं । आम जनताका मैत्री संविधान बनाउन त्यसलाई संशोधन गर्नुपर्छ भन्ने हाम्रो मुख्य माग छ ।

रेशम चौधरी लगायत अन्य कार्यकर्तामाथि लागेको मुद्दा फिर्ता गर्न सरकारलाई कहिलेसम्मको सम्म फिर्ता लिन्छ अहिले नै भन्न सकिदैन । यो कुनै पसलको सामान होइन, यति समयपछि मिति सकिन्छ । सरकारले हाम्रो माग पूरा गर्छ भन्ने अपेक्षा हामीले राखेका छौं तर संविधान संशोधनको लागि अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढेको छैन । मुद्दा फिर्ताको विषयमा पनि सरकारले कुनै पहल गरेको हामीलाई थाहा छैन । उपचार खर्च बाँकी रहेकाहरूको उपचार खर्च दिने र आन्दोलनमा शहादत प्राप्त गरेकाहरूलाई शहिद घोषणा गर्ने प्रक्रियामा ओली सरकारले कुनै काम अगाडि बढाएको आजसम्म थाहा पाएका छैनौं । देशमा दुई तिहाईको सरकार छ भन्ने अनुभव जनताले कुनै दिन गर्न पाएका पनि छैनन् । निर्मला पन्तको बलात्कार र हत्याको आरोपी पत्ता लगाउनदेखि वाइडवडी घोटला प्रकरणको सत्यतथ्य बाहिर ल्याउन यो सरकार चुक्दै गएको छ । प्रधानमन्त्री स्वयम् पनि यो विमान प्रकरणमा मुछिएको हो कि भन्ने आशंका पनि बढ्दै गएको छ । हाम्रा मागहरू पूरा गर्न अबको दिनमा प्रधानमन्त्री सकारात्मक भएर लाग्ने छन् भने ठिकै छ नभए सम्बन्ध तोडिन्छ ।

पार्टी भित्र संयोजक परिवर्तन भएको केही दिन असन्तुष्टिहरू देखिएका थिए । समयक्रमसँगै अहिलेसम्म कोही असन्तुष्ट छैनन् । कतै कुनै किसिमको विवाद छैन पार्टी एकदम संगठित किसिमले चलेको छ । प्रत्येका जिल्लामा जिल्लाको विस्तारित बैठक चलिरहेको छ । राजपा नेपालले एउटा अनुशासित संगठन निर्माणको लागि महाधिवेशनको संघारमा छ । बैशाख ७/८ र ९ गते हाम्रो महाधिवेशन आयोजना गरिएको छ । महाधिवेशनको पूर्वसन्ध्यामा हाम्रो प्रत्येका जिल्लामा कार्यकर्ता क्रियाशिल रहेका छन् । महन्थ ठाकुरजीको नेतृत्वमा जसरी हामीले निर्वाचनमा सन्तोषजनक नतिजा हात पारेका थियौं, राजेन्द्र महतोज्यूको नेतृत्वमा हामी महाधिवेशन सफल पाछौं भन्ने विश्वास छ ।

दुर्गामी रूपमा हेर्ने हो भने मधेशका जनताले २०६४ को निर्वाचन होस् वा २०७० वा २०७४ तिनीहरू एक भएर आऊ भन्ने हामीलाई जनादेश दिएका छन् । मधेशवादी दलहरू आन्दोलन सँगै गर्छ भने त्यसरी नै पार्टी पनि एकीकृत गरेर आऊ भन्दै आएका छन् । सोही आदेश अनुसार हामी ६ वटा पार्टीलाई चेत खुल्यो र एकीकरण गयौं । अब फोरमसँग पनि एकीकरण होस् भनेर हामीले चाहेकै छौं । अहिले फोरमले पार्टी एकीकरणको लागि एउटा वार्ता समिति नै बनाएको छ । त्यो सकारात्मक कदम हो । एउटा पार्टी सरकारमा रहने अर्को सरकार बाहिर रहेर त पार्टी एकीकरण हुँदैन बाटो एउटै हुनुपर्छ ।

राजपा र फोरम एउटै पथमा हिंड्यौं भने लक्ष्य नजिक रहन्छ । जे-जसरी होस् पार्टी एकीकरण गरेर मधेशमा एउटै शक्ति अत्यावश्यक छ । निर्वाचन आयोगको थ्रेस होल्डको प्रावधान, मधेशी जनताको इच्छा, निर्वाचनमा पाइएको मतादेश यी सबैलाई हेर्दा पार्टी एकीकरणको विकल्प छैन ।

तर राजपासँग एकीकरण गर्ने हो भने फोरमले सरकार त त्याग्नु नै पर्छ । सरकार भनेको मन्त्री समिल्लित दल हो । राजपा नेपाल अहिले पनि प्रतिनिधिसभाको संसदीय अभ्यासमा विपक्षी कै बेञ्चमा बस्छ । सरकारले प्रस्तुत गरेको विद्येयकहरूमा विपक्षीको भूमिका निर्वाह गर्छ । सरकारको गुण र दोषको आधारमा संसदीय भूमिका निर्वाह गर्छ । राजपालाई सरकारको हिस्सा भन्न मिल्दैन ।

प्रदेश २ मा सत्तासमीकरण परिवर्तन हुने चर्चा गलत हो । हामी प्रदेशसभाको सदस्य छौं । हामीले त्यस्तो चर्चा सुनेका छैनौं । राजपा नेपाल प्रदेश २ मा सरकारमा सहभागी दल हो । सरकार र मुख्यमन्त्रीले

> हाम्रो पार्टीलाई दिएको एक हप्ताको समयमा प्रधानमन्त्रीले सपथ गराएर हामीलाई भुल्याउन खोजेका हुन भने त्यो मूल मात्र हो । यदि प्रधानमन्त्रीले त्यस्तो रणनीति अपनाएका हुन भने हामी पनि सावधान छौं ।

कुनै गम्भीर अपराध नगरेसम्म प्रदेश नम्बर २ को सरकारमा हामी सामेल रहन्छौं ।

पक्कै पनि राजपा नेपालको महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन्छ । यसमा कुनै दुईमत छैन । महाधिवेशन अपरिहार्य चिज हो यसले पार्टीभित्रका थुप्रै बेथितीहरूलाई निरूपण गर्नेछ ।

*(राजपा नेपाल महासचिव सुमनसँग गरिएको कुराकानीको सम्पादित अंश)*

# डा.राउतको जीवनरक्षाका लागि अपिल



**डा.सीके राउत**

महदेवा-२, सप्तरी जिल्लामा जन्मेहुर्केका तथा बेलायतको क्याम्ब्रिज युनिवर्सिटीबाट पी. एच. डी. गरी अमेरिकामा वैज्ञानिक समेत रही सक्नु भएका डा. सीके राउत विगत केही वर्षदेखि स्वतन्त्र मधेश गठबन्धनको केन्द्रीय संयोजक भई अहिंसात्मक एवं शान्तिपूर्ण मार्गद्वारा सम्पूर्ण मधेश तथा मधेशीको हकहित एवं स्वतन्त्रताकोलागि बैचारिक अभियान चलाउँदै आएको कुरा सर्वविदितै छ । वहाँका 'मधेश को इतिहास', 'मधेश स्वराज' र 'वैरागदेखि बचावसम्म (आत्मकथा)' लगायतका किताबहरू पनि प्रकाशित छन् । डा. राउतको गतिविधि र निजले दिएको अभिव्यक्तिको विषयलाई लिएर नेपाल सरकारले वहाँलाई पटक पटक पक्राउ गर्दै आएकोमा बालबच्चाको शिक्षादीक्षा अवरूद्ध हुनुको साथै सम्पूर्ण परिवारिक जीवन नै अस्तव्यस्त एवं अत्यन्त कष्टकर हुन पुगेको छ । सम्मानित विशेष अदालत र संविधान एवं ऐनकानुनका सर्वोच्च व्याख्याता सम्मानित सर्वोच्च अदालत समेतले डा. राउतका गतिविधीहरू राज्यद्रोह वा राज्यविप्लव होइन भनेर स्पष्ट भनि सकेपछि राज्यकै प्रहरीले वा अन्य कसैले डा. राउतलाई राज्यद्रोही वा राज्यविप्लवको बिल्ला भिडाउनु सम्मानित सर्वोच्च अदालतको अपहेलना मात्र नभएर कानुनी राज्यको उपहास पनि हो ।

नेपालको संविधान तथा कानूनले प्रत्याभूत गरेका डा. राउतको मौलिक तथा कानूनी हक कुण्ठित गरी अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरूको मान्यता समेतको विपरित हुने गरी विगत केही समयदेखि राज्यले वहाँविरूद्ध घोर दमनकारी नीति अख्तियार गरेको देखिन्छ । नेपाल सरकारको कुनै काम तथा प्रक्रियाहरूमासमेत वाधाअडचन नपुर्याई लोकतान्त्रिक विधि र प्रक्रिया अन्तर्गत शान्तिपूर्ण एवं अहिंसात्मक तरीकाले आफ्ना विचारहरू सार्वभौम जनतामाझ राख्न खोज्दा राज्यको तर्फबाट मधेशका राजनीतिक मुद्दाहरूलाई दबाउने र विमतिका सबै आवाजलाई निर्मूल पार्ने नीतिअनुरूप वहाँलाई पटक पटक फँसाउने गम्भीर षडयन्त्र हुँदै आएको कुरा हामीले अनुभूत गरेका छौं । कुनै मुद्दामा आफ्नो नाम परेको औपचारिक वा अनौपचारिक स्रोतबाट थाहा पाउने वितिकै आफैं अदालतमा उपस्थित भएर अदालती कारवाही सहजरूपमा अगाडी बढाउन सहयोग गर्दै आएको, कहिले पनि अदालतले जाहेरी पूर्जीसमेत जारी गर्नु नपरेको अवस्था हुँदाहुँदै पछिल्लो समय असोज २१ गते रौतहट जिल्ला अदालतमा अघिल्लो मुद्दामा तारीख लिई फर्कनेक्रममा अदालत परिसरभित्रै बाट डा. सी. के. राउत सहित उनको साथमा रहेको उनकी ४ बर्षीय नाबालिका छोरीलाई समेत प्रहरीले पक्राउ गरी ६१ दिन लामो गैरकानूनी हिरासत पछि गत मंसिर २० गते रौतहट जिल्ला कारागार चलान गरेको छ । नेपाल सरकारले यस अघिपनि वहाँलाई १८ चोटी भन्दा बढी पक्राउ गरी वहाँविरूद्ध लगभग एक दर्जन जति मुद्दाहरू दर्ता गरिसकेका छन । हालसम्म पाँचवटा मुद्दामा अदालतबाट सफाई पाईसकेको अवस्था छ । यसरी सक्षम, स्वतन्त्र र गरिमामय न्यायलयबाट पटक पटक सफाई पाएतापनि स्वेच्छाचारी ढङ्गले पक्राउ गरेर महिनौ गैरकानुनी थुनामा राखी यातना दिने र गलत मनसायका साथ झुठ्ठा मुद्दाहरू लगाउने असफल प्रयास हुँदै आएको छ । नेपाल सरकारका यी तमाम क्रियाकलापहरू घोर असंबैधानिक, अलोकतान्त्रिक, दुषित र प्रवृत भावनाबाट ओतप्रोत स्वेच्छाचारी एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल रहेको साथै नेपालको वर्तमान सवैधानिक र कानूनी व्यवस्थाको अतिरिक्त नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरूको समेतको विपरित रहेको कुरा पुनस्स्मरण गराउन चाहन्छौं । विचारको प्रतिवाद विचारबाटै गर्नु पर्नेमा फरक विचारलाई दबाउन जसरी प्रहरीप्रशासन लगायत सम्पूर्ण राज्यसन्यत्रको दुरूपयोग भईरहेको छ त्यो अत्यन्त निन्दनीय र आपतिजनक छ । लोकतान्त्रिकमा व्यवस्थामा नागरिकहरूबाट राज्यव्यवस्थाप्रति असन्तुष्टि र आक्रोसको रूपमा अभिव्यक्त हुने हरेक किसिमका विचारहरूलाई दमन नगरी अत्यन्त संयमित भई राजनितिक रूपबाटै नागरिकमा देखिएका तमाम निराशा र वितृष्णालाई मेटाई राज्यप्रति आशा र भरोशा जगाउन सकिन्छ । तर फरक विचार राखेकै कारण डा. राउतसँग एक पटकपनि कुनै वार्ता(छलफल्लै नगरी राज्य क्रुर दमनमा उत्रिनु र वहाँलाई खुल्ला दर्जनौ भौतिक कारवाहीको साथैसाथै ज्यान मार्ने धम्कीहरूसमेत आउँदा सरकार मौन बस्नुले हामी थप शशंकित र चिन्तित भएका छौं । हाल मुलुकमा दुई तिहाईको बलियो लोकतान्त्रिक सरकार रहे तापनि लोकतन्त्र तथा कानुनी राज्यको अनुभुत गर्न सक्ने अवस्थाको निर्माण हुनसकेको छैन ।हिरासतभित्रै लामो समयदेखि आफ्नो स्वास्थ्य उपचारको माँग गर्दै आएको भएतापनि गत पुष १८ गते मात्र डा. राउतलाई गौर कारागारबाट काठमाण्डौंको भद्र कारागारमा स्थानान्तरण गरिएको छ । उपचारको लागि काठमाण्डौं सरूवा गरिएको भएतापनि राज्य वहाँको उपचारमा गम्भिर हुनुभन्दा विभिन्न किसिमका मानसिक एवं शाररिक यातना दिनेतिर बढी केन्द्रित देखिन्छ । संविधान प्रदत्त वाक स्वतन्त्रतापूर्वक बाँच्ने नागरिक अधिकारको संरक्षण गर्ने दायित्व राज्यको रहेपनि फरक विचार रहेकै कारण हिरासतमा लिनु वा एक जना निहत्था, निर्दोष नागरिकलाई दुःख दिनु नितान्त अनुचित एवं घृणित कार्य हो ।

तसर्थ सबै किसिमका दमनकारी क्रियाकलापलाई तत्काल बन्द गरी डा. राउतको संविधानले प्रत्याभुत गरेको सम्मानपूर्वक वाच्ने मौलिक हक एवं मानव अधिकारको संरक्षण समेत गर्दै वहाँको अविलम्ब विनाशर्त सकुशल रिहाईकोलागि पहल गरिदिनु हुन सम्पूर्ण मानव अधिकारवादी संघ(संस्था, नागरिक समाज, देश(विदेशका पत्रकार, कानून व्यवसायी, राजनैतिक पार्टी, बुद्धिजीवि, विद्यार्थी, अन्तराष्ट्रिय नियोगलगायत सम्बन्धित सबै पक्षसँग हार्दिक अपिल गर्दछौं । भद्र कारागारमा हाल वहाँको स्थितिको अनुगमन गरिदिनुहुन साथै चिकित्सकको सुझाव अनुसार सहजरूपमा स्वास्थ्य उपचारको लागि पनि गम्भिर पहल गरिदिनु हुन सम्बन्धित सबै पक्षसँग हार्दिक अनुरोध गर्दछौं ।

*डा. जयकान्त राउत*
*एवं समस्त राउत परिवार*

# द्वैध चरित्र भएका व्यक्तिहरूबाट स्वायत्त मधेशको सपना पूरा हुँदैन

**सबै अधिकार प्रधानमन्त्रीमा केन्द्रित गर्न वा राष्ट्रपति सक्रिय बनाउनका लागि पनि संविधान संशोधन हुनसक्छ। मूल कुरो मधेशको मुद्दा सम्बोधन गर्नका लागि, स्वायत्त मधेश प्रदेशका लागि संविधान संशोधन हुन्छ कि हुँदैन यो प्रमुख विषय हो।**



**भरतविमल यादव**
वरिष्ठ राजनीतिज्ञ

**० तपाइँ अहिले राजनीतिक वृत्तबाट गुमनाम जस्तै हुनुभएको छ, किन ?**
– राजनीतिक समयक्रममा विभिन्न आरोह, अवरोह र अवरोध हुनु सामान्य कुरा हो। आजको जस्तो राजनीतिमा कतिसम्म ठग्न सकिन्छ, त्यस्ता मानिसहरूको बिगबिगी भएको समयमा म नैतिकता र इमान्दारिताको राजनीति गर्ने व्यक्तिले अहिलेको समयको भावमा अलि पछि परेको हुँ तर गुमनाम भएको छैन। म अहिले सक्रिय राजनीतिबाट अलि टाढा देखिएको हुँ। यसको मतलब यो होइन कि म राजनीतिबाट सन्यास लिइसकेको हुँ वा राजनीति विषयमा कुनै चासो छैन। जुन आस्था र सिद्धान्तमा अडेर म राजनीतिमा प्रवेश गरेको थिएँ, त्यसमा अडिग छु। म आफ्नो बलबुत्ताले भ्याएसम्म लागिरहन्छु।

**० तपाइँ अहिले कुनै पनि राजनीतिक दलसँग आबद्ध हुनुहुन्न ?**
– हो, म अहिले कुनै पनि राजनीति संस्था वा दलसँग आबद्ध छैन। म अहिले स्वतन्त्र राजनीतिक हिसाबमा आफ्नो जीवन अगाडि बढाइरहेको छु।

**० तपाइँ राजनीतिबाट टाढिनुको कारण राजनीतिप्रति वितृष्णा हो कि ?**
– वितृष्णा त पक्कै पनि होइन। मेरो राजनीतिक इतिहास त सबैलाई थाहै होला। २०६२/६३ को आन्दोलनको समयमा पनि मेरो राजनीतिक सक्रियता जति थियो, आन्दोलनमा जो सच्चा राजनीतिक कार्यकर्ता हुन्छन् उ अगाडि बढ्दै जान्छन। आन्दोलनपश्चात् जुन आन्दोलन हुन्छ त्यसमा आफ्नो स्वार्थका लागि अरूको अगाडि बढ्ने व्यक्तिहरूको बिगबिगी हुन्छ। जनआन्दोलनपश्चात् देशीविदेशी शक्तिहरूले मेरो तत्कालीन पार्टीमा मेरो विरूद्धमा निकै षड्यन्त्रहरू गरे। ती षड्यन्त्रहरूले गर्दा म तत्कालीन पार्टीबाट राजीनामा दिएर अलग भएँ। खासगरी नेपालको राजनीतिमा गैरलोकतान्त्रिक, गैरराष्ट्रवादी शक्तिहरूको हालीमुहाली छ। यस्तो जो आफ्नो निष्ठा, समुदाय र राष्ट्रप्रति बढी बफादार हुन्छन्, उमाथि विभिन्न किसिमका षड्यन्त्र हुन्छन् र त्यो षड्यन्त्रको शिकार हुने गरिन्छ। त्यहीं शिकारको कारणले म राजनीतिको मूलधारबाट टाढा देखिएको हुँ। तर, मेरो जुन राजनीतिक अडान, अठोट, आस्था र सिद्धान्त छ, त्यमा म निरन्तररूपमा प्रतिबद्ध भएर अगाडि बढ्दैछु। अहिले म कुनै दलमा सहभागी छैन तर यसको मतलब यो होइन कि म राजनीतिबाट अलग भइसकेको हो। जुन उद्देश्यले म राजनीतिमा प्रवेश गरेको थिएँ, नेपालमा स्वायत्त मधेश र लोकतन्त्रप्रति म अहिले पनि प्रतिबद्ध छु। यसका लागि म दलीय राजनीतिमा नभइकन पनि राष्ट्रिय राजनीतिमा आफ्नै किसिमले लागिरहेको छु।

**० २०६३ को जनआन्दोलनको समयमा केन्द्रीय संघर्षको मैदानमा मधेशबाट प्रतितिनिधित्व गर्ने तपाई एक्लो नेता हुनुहुन्थ्यो, आफ्नो योगदान सम्झिँदा कस्तो महसुस हुन्छ ?**
– संघर्षको बेला मान्छे नेता हुन तयार हुँदैन। संघर्षको बेला जेलनेल जाने अवस्था हुन्छन्, गोली खाने अवस्था रहन्छ। त्यसैले त्यो बेलामा कसैले नेता हुने आँट पनि गर्दैन। २०६२/०६३ को जनआन्दोलनमा मलाई कुनै किसिमको अप्ठ्यारो थिएन। त्यो संघर्षको बेला थियो, त्यसमा निकै कठिनाइहरू झेल्नुपर्थ्यो। त्यो बेलामा द्वैध चरित्र भएका व्यक्तिहरू पछाडि बस्यो, केही गर्न सकेनन्। आन्दोलनका बेलामा जो सच्चा नेता हुन्छन् उसैको पछि कार्यकर्ताहरू लाग्छन्। तर, आन्दोलनपश्चात् द्वैध चरित्र भएका व्यक्तिहरूले देशीविदेशी शक्तिहरूको पछि लागेर सच्चा नेतालाई विस्थापित गर्न खोज्छन्। सच्चा नेता विस्थापित भएन भने द्वैध चरित्रका नेताहरू कसरी अगाडि बढ्छन् ? त्यसैले, जहाँपनि राजनीतिमा एउटा दुर्भाग्यपूर्ण यो अवस्था हुन्छ। त्यसमा मेरो पनि यस्तो अवस्था आयो। आन्दोलनपश्चात् मेरो विरूद्धमा विभिन्न षड्यन्त्रहरू भयो।

**० के अहिले त्यहीं संघर्षको भावनाअनुसार देशको राजनीति अघि बढिरहेको छ त ?**
– जुन सोच र आकांक्षाअनुसार २०६२/६३ को आन्दोलनमा हामी लागेका थियौं, त्यो बेलामा आन्दोलनको मुख्य उद्देश्य निरंकुश राजतन्त्रलाई अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने थियो। त्यसपछि समावेशी राज्यको हामीले कल्पना गरेका थियौं। समावेशी राज्य भनेको समावेशिता हो। त्यो समावेशी राज्यका लागि संघीयता आवश्यक थियो। राज्यको पुनर्संरचना संघीय आधारमा गर्नुपर्छ। देशका उपेक्षित वर्ग समुदाय छन्, त्यसलाई समावेश गराएर राज्यको मूलधारमा ल्याउनुपर्छ। यी हाम्रा आन्दोलनका मुख्य उद्देश्य थियो। आन्दोलनपछिका सरकारहरूका गतिविधिहरू हेर्दा दयनीय छ। हामी लोकतान्त्रिक गणतन्त्र भन्छौं तर, शासकहरूको जुन चरित्र हुनुपर्ने हो, जुन इमान्दारिता र नैतिकता हुनुपर्ने त्यो एक प्रतिशत पनि छैन। अहिले गणतन्त्रका शासकहरूले आफूलाई राजा महाराजाजस्तो प्रस्तुत गरिरहेका छन्। राष्ट्रपति वा प्रधानमन्त्रीको कुरा गर्नुस्, मन्त्रीहरूको त कुरै छाडदिनुस्, प्रदेशहरूको त के कुरा गर्ने। जहाँ मुहान नै फोहोरले भरिसकेपछि तलको नदीको के कुरा गर्ने ? राष्ट्रपतिको व्यवहार राजा-महाराजा महारानीको जस्तो छ। यसले गर्दा जनताहरूमा लोकतान्त्रिक गणतन्त्रप्रति राजावादीहरूले दुर्भावना फैलाइरहेका छन्। के यही हो गणतन्त्र ? के यही गणतन्त्रका सम्मानित पदहरू ? यस्ता कुराहरूले गर्दा राजावादीहरूले उकुसमुकुस गरिरहेका छन्। गणतन्त्रका विरूद्धमा उनीहरूका क्रियाकलाप अगाडि बढिरहेका छन्। राजावादीहरूको अहिले जुन किसिमले षड्यन्त्रहरू भइरहेका छन्, यसप्रति यदि प्रमुख पदमा बसेकाहरू सचेत भएनन् भने यो देशको भोली के दुर्गति हुन्छ कसैले भन्न सक्दैन। देश बडो गम्भीर अवस्थामा छ। यसमा हरेक नागरिक सचेत हुनैपर्छ।

**० पछिल्लो समयमा मधेश र काठमाडौं बीचका मतभेदहरू बढेको पाउनु भएको छ कि त्यसमा सुधार आएको छ ?**
– मधेश अहिले पनि जहाँको त्यहीं छ। तर, नेताहरूको विलासितामा सुधार भएको छ। मधेशमा नाराबाजी गर्ने नेताहरू प्रशस्त भए, मधेशलाई ठग्ने नेताहरू प्रशस्त भए। वर्तमान नेपालको पनि कुरा गऱ्यौं भने मधेशलाई सपना देखाउने जति नेताहरू भए त्यसको नैतिकता र व्यवहारलाई केलाउँदा सबै मधेशलाई ठग्नेहरू भए। मधेश आन्दोलनहरूमा सयौंका जुन बलिदान भएका छन्, त्यो सहादतलाई अहिलेका नेताहरूले मूल्यांकन गरेका छैनन्। आन्दोलनका बेलामा यी फोरम र राजपाका नेताहरू केपी ओलीलाई मधेशको प्रमुख खलनायकको रूपमा चित्रण गरेका थिएनन् ? चुनावपश्चात् त्यही केपी ओलीको सहायक भएर फोरमका नेताहरू बसिरहेका छन् र राजपाले समर्थन गरिरहेको छ। संविधान संशोधन कहाँ गयो त ? संशोधनका लागि कागजमा सहमति गर्ने र सत्तामा जान लालायित रहने यिनीहरूको चरित्र अहिले पनि त्यस्तै देखिएको हो। तर, ती मागहरू कहिले पूरा गर्ने कुनै टुंगो छैन। यो जनतालाई ठग्ने खेल होइन ? यही इमान्दारिता र नैतिकता हो। यसैका लागि मधेशका सयौं जनाले सहादत दिएका हुन् ? यो त मधेशको दुर्भाग्य हो नि।

**० अहिले पनि काठमाडौंले मधेशलाई हेर्ने नजरमा भिन्नता छ कि ?**
– काठमाडौं अलि भेग शब्द हो। राज्य पनि मधेशप्रति उदासीन नभनौं, राज्यका केही यस्ता निकायहरू छन् जसले मधेशका जनतालाई पनि अन्य भेगका जनतासरह नै सोच राख्नेहरू पनि छन्। मुख्यतः राज्य र सरकारमा पनि फरक हो। मधेशका नेता र सरकारको तुलना गर्नुस्। काठमाडौं मधेशको विरोधी हो भनेर म भन्दिँन। काठमाडौंका पहाडी मूलका केही पत्रकारहरू यस्ता छन् जसले मधेशप्रति सकारात्मक दृष्टिकोण राखेका छन्। पहाडी मूलका केही यस्ता नेताहरू छन् जसले मधेशप्रति सकारात्मक दृष्टिकोण राखेका छन्। त्यसैले हामीले काठमाडौं र मधेशलाई नभएर सरकार र मधेशी नेताहरूलाई तुलना गर्नुपर्छ। सरकारसँग मधेशका नेताहरू एकअर्कासँग गोप्य मिलान गर्दै मधेशलाई ठगिरहेका हुन्छन्।

**० के मधेशकेन्द्रित दलहरूले भन्दै आएको संविधान संशोधनसहितको मुद्दा यो सरकारबाट पूरा होला ?**
– यो सरकार गठन भएको वर्ष दिन पुग्न लागेको छ। यो अवधिमा मधेशको पक्षमा के भयो त ? फोरमका नेताले बडो घुर्की लगाएर म संविधान संशोधन गराउँछु, यो सरकारले मानेको हो त्यसैले सरकारमा गएको भन्थे। खोई संविधान संशोधन भएको त ? अनि लाज पचाउनका लागि प्रधानमन्त्रीलाई १२ बुँदे स्मरणपत्र दिए। भनिन्छ नि, 'बेशर्मी की भी हद होती है'। उपेन्द्र यादव आफै यो सरकारको उपप्रधानमन्त्री, केपी ओलीको सहयोगी अनि उहाँको पार्टी स्मरणपत्र बुझाउने। अनि यही संविधान संशोधन भएको हो त। यदि उपेन्द्र यादव र फोरमका नेताहरूको कुरा यो सरकारले सुन्दैन भने सरकारमा बसिरहनुको औचित्य के ? जनतालाई ठग्ने प्रवृत्ति होइन ?

**० केपी ओली नेतृत्वको सरकारले संविधान संशोधन गर्छ त ?**
– मानौं संविधान संशोधन गऱ्यो र मधेशको मूलभूत मुद्दाहरू सम्बोधन भएन भने त्यसको के औचित्य ? सबै अधिकार प्रधानमन्त्रीमा केन्द्रित गर्न वा राष्ट्रपति सक्रिय बनाउनका लागि पनि संविधान संशोधन हुनसक्छ। मूल कुरो मधेशको मुद्दा सम्बोधन गर्नका लागि, स्वायत्त मधेश प्रदेशका लागि संविधान संशोधन हुन्छ कि हुँदैन यो प्रमुख विषय हो। स्वायत्त मधेशका लागि यो उपेन्द्र यादवसहितको सरकारले संविधान संशोधन गर्दैन।



☞ जुन उद्देश्यले म राजनीतिमा प्रवेश गरेको थिएँ, नेपालमा स्वायत्त मधेश र लोकतन्त्रप्रति म अहिले पनि प्रतिबद्ध छु।

☞ आन्दोलनपश्चात् द्वैध चरित्र भएका व्यक्तिहरूले देशीविदेशी शक्तिहरूको पछि लागेर सच्चा नेतालाई विस्थापित गर्न खोज्छन्।

☞ चुनावपश्चात् त्यही केपी ओलीको सहायक भएर फोरमका नेताहरू बसिरहेका छन् र राजपाले समर्थन गरिरहेको छ। संविधान संशोधन कहाँ गयो त ?

☞ यसैका लागि मधेशका सयौं जनाले सहादत दिएका हुन् ? यो त मधेशको दुर्भाग्य हो नि।

☞ रेशम चौधरीको शपथ ग्रहण आफैमा स्वागतयोग्य हो। यसपछिका कारणहरू केलाउँदा अर्कै किसिमको छ।

☞ सच्चा र इमान्दार व्यक्तिहरूको जबसम्म राजनीतिमा पहुँच र पकड हुँदैन तबसम्म मधेश त जहिले पनि ठगिने अवस्थामा नै रहन्छ।

**० रेशमलाल चौधरीको शपथ ग्रहणले के संकेत गर्छ, सरकार मधेशको मागप्रति क्रमशः उदार भएको हो ?**
– जहाँसम्म रेशमलाल चौधरीजीको शपथ ग्रहणको कुरा छ यो स्वागतयोग्य छ। किनकि उहाँ जनताबाट निर्वाचित जनप्रतिनिधि हो। शपथ ग्रहण भइरहेको थिएन, त्यो नै अन्याय थियो। तर, यसको पछाडि के कुरा लुकेको छ, त्यो गम्भीर हो। केपी ओली र यो सरकार बडो उदार भएर रेशमलाल चौधरीलाई शपथ ग्रहण गराएको भन्ने जुन भान भइरहेको छ यो गलत हो। केपी ओलीले दुई तिहाईको जुन समर्थन छ त्यसमा राजपा पनि पछि-पछि लागोस् भनेर राजपालाई फसाउने षड्यन्त्र मात्रै हो। राजपा पनि यो सरकारको समर्थन फिर्ता गर्ने आँट गरेको छैन। त्यसलाई ढाकछोप गर्नका लागि रेशम चौधरीको शपथ ग्रहणको विषय उनीहरूको आड भएको मात्रै हो।

**० भनेपछि रेशमलाल चौधरीको शपथ ग्रहण राजपाका लागि एउटा फेस सेभिङ्ग मात्रै हो ?**
– हो। रेशमलाल चौधरीको शपथ ग्रहण गराएर राजपाले आफ्नो फेस सेभिङ्ग मात्र गरेको हो। त्योभन्दा अरू केही पनि होइन। तर, रेशम चौधरीको शपथ ग्रहण आफैमा स्वागतयोग्य हो। यसपछिका कारणहरू केलाउँदा अर्कै किसिमको छ।

**० फोरम र राजपाबीच एकताको कुरा पनि चलेको छ, यो सतही बुझाइ मात्र हो कि यस भित्र गम्भीरता पनि छ ?**
– एकीकरण भइदियो भने त साह्रै राम्रो हुन्थ्यो। एउटै सिद्धान्त र उद्देश्य भएका पार्टीहरू एक ठाउँमा भइदियो भने धेरै राम्रो हुन्छ। तर राजपा र फोरम एक ठाउँमा बस्छन् भन्ने विश्वास गर्न सकिँदैन। सबै अध्यक्षै बन्न खोज्छन्। या त ६ वटा अध्यक्षको साटो ७ वटा अध्यक्ष राख्नुपर्छ। त्यसमा पनि संयोजक बन्न एकले अर्कालाई हटाइरहेका छन्। अहिले राजपामा महन्थ ठाकुरलाई विस्थापित गरेर राजेन्द्र महतो आए। सबै अध्यक्ष बन्ने आकांक्षा लिएर राजनीति गर्ने हो भने एकीकरण हुनै सक्दैन। उपेन्द्र यादव के कम, महन्थ ठाकुर के कम, राजेन्द्र महतो के कम। एकीकरण हुनु धेरै राम्रो तर हुने सम्भावना छैन। सुउद्देश्यले यो एकीकरणको कुरा गरिएको होला जस्तो लाग्दैन। यसको पछाडि विभिन्न कारण भएर एकीकरण हुँदैन भनेर पनि भन्न सकिँदैन। तर, त्यो कति टिकाउ हुन्छ र उद्देश्य पावन हुन्छ त्यसमा भर पर्छ।

**० अब अन्त्यमा, तपाइँ आफ्नो राजनीतिक यात्रालाई कसरी अगाडि बढाउनुहुन्छ ?**
– अहिले वर्तमान क्षीतिजमा जति पनि राजनीति दलहरू छन्, त्यसमा कुनै पनि हालतमा सहभागी हुन्न। यो एउटा धूवसत्य हो। जबसम्म मेरो आफ्नो सोच भएको एउटा समूह बन्दैन तबसम्म आफ्नै किसिमले लागिरहन्छु। मेरो सोच सहितको एउटा समूह बन्यो भने त्यसलाई लिएर पनि अगाडि बढ्न सक्छु।

**० अहिले मधेशमा वैकल्पिक शक्ति उदय हुने सम्भावना देख्नुहुन्छ ?**
– सच्चा र इमान्दार व्यक्तिहरूको जबसम्म राजनीतिमा पहुँच र पकड हुँदैन तबसम्म मधेश त जहिले पनि मधेश ठगिने अवस्थामा नै रहन्छ। द्वैध चरित्र भएका व्यक्तिहरूबाट मधेशको कल्याण हुन्छ वा स्वायत्त मधेशको सपना साकार हुँदैन। नेपालको राजनीतिमा अहिले पुस महिनामा नै राजावादीहरूले पृथ्वीनारायण शाहलाई राष्ट्रपिता घोषणा गराउने, उनलाई सम्मान दिनका लागि तस्वीर अंकित मुद्रा निकाल्ने, पुस २७ गते सार्वजनिक विदा घोषणा गराउने विभिन्न क्रियाकलापहरू भइरहेका छन्। त्यसलाई समर्थन गर्ने केही मधेशीहरू पनि छन् जसले भनिरहेका छन् कि पृथ्वीनारायण शाह तराईको शीर जोगाउने राजा हुन्। तर, मधेशलाई सर्वप्रथम नेपालको रैती बनाउने शासक नै पृथ्वीनारायण शाह हुन्। सिपाही भर्ना गर्न खस, क्षत्री, ठकुरी, मगरलाई मात्र राख्नु पृथ्वीनारायण शाहको योजना थिएन ? त्यसमा मधेशी किन आएनन् ? कान्तिपुर विजयपछि जुन तिरहुतिया फौज थियो, मधेशी सेना थियो त्यसलाई बर्खास्त गर्ने पृथ्वीनारायण शाह होइन ? तराईलाई उपनिवेश बनाउने पृथ्वीनारायण शाह होइन ? अनि पृथ्वीनारायण शाह तराईको शीर जोगाएको हो कि बर्बाद गरेको हो ? यसको विरोध किन मधेशी नेताहरूले गरेनन् ?
अर्को कुरा डा.सीके राउतको अभियानको म विरोधी हुँ। उ नेपालबाट अलग देश खोज्ने मान्छे हो। म नेपालमा स्वायत्त प्रदेशको पक्षधर हुँ। तर, कुनै राजनीतिक आस्था बोकेका व्यक्तिलाई जब सरकारले यातना दिन्छन् वा स्वास्थ्य जाँच गराउँदैन भने त्यसको विरूद्धमा मधेशको राजनीति गर्ने नेताहरूले बोल्नुपर्दैन ? यसको बारेमा सरकारमा बसेका सरकारी मधेशी पार्टीहरूले किन आवाज उठाएका छैनन् ? के सीके राउतले हतियार उठाएको हो र ? अनि उसको ज्यान गइरहेको छ भने उसको लागि बोल्नुपर्दैन ? मधेशको राजनीति गर्ने नेताहरूको धर्म यही हो त ?

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# राष्ट्रलाई समृद्ध र जनतालाई सुखी बनाउने नै 'स्वार्थ' हो

सभामुख महोदय,

- विधेयक अधिवेशनका रूपमा रहेको प्रतिनिधिसभाको यस अधिवेशनको आजको बैठकमा मलाई मेरा भनाई राख्ने अनुमति दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
- अहिलेको हाम्रो कार्यभार भनेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै त्यसको प्रभावकारी कार्यान्वयन गर्नु र आर्थिक प्रगतिको दिशामा अघि बढ्नु हो। त्यसको लागि सुशासन र विकासको महाअभियान आवस्यक छ।
- सूचकहरूकै आधारमा नीति/कार्यक्रम तथा बजेटको कार्यान्वन सहि छ या गलत, त्यसको टुङ्गो लाग्ने हो।
- 'समृद्ध नेपाल, सुखी नेपाली'को सपना मैले देखें, हामीहरूले देख्यौं-अपराध गरेनौं। सत्ता सञ्चालनको जिम्मा पाएकोले देखेको त्यही भिजन लागू गर्ने प्रयत्न गर्नु मेरो कर्तव्य थियो, मेरो नेतृत्वको सरकारले त्यही गर्दैछ। सुखद् परिणामको उपभोग हामी सबै मिली गर्ने हो। राज्यलाई समृद्ध बनाउने र जनतालाई सुखी बनाउने भन्दा अरू हाम्रो 'स्वार्थ' के हुन सक्छ ?
- पछिल्लो अवधिमा मैले केही अनौठो व्यवहारको अनुभूति गरेको छु। 'सरकार के गर्दैछ, पत्तो भएन'- प्रश्न उठाइयो। के गर्दैछ भन्ने जवाफ दिन्छु। अनि प्रतिप्रश्न आउँछ- प्रधानमन्त्री किन बोलेको ? बोल्न नहुने रहेछ क्यारे भन्ने ठानेर चुप रहन्छु, प्रश्न उठान्छ- खै जवाफ दिएको ? केही गर्न खोजिन्छ- सोधिन्छ, त्यो किन गरेको ? केही नगर्दा त प्रश्न उठ्ने नै भयो- खै काम गरेको ?
- मलाई कुनै तर्क र बहसमा रूची छैन। गर्नुपनि छैन, गर्नुछ त मुलुकको विकास। अब पनि यो देशको विकास नहुने हो भने कहिले र कसले गर्छ? त्यसैले आज यस सम्मानित सदनमा म उठेका वा उठाइएका रङ्गी विरङ्गी प्रश्नलाई सम्बोधन गर्नु भन्दा पनि यस आर्थिक बर्षको नीति/कार्यक्रम तथा बजेट कार्यान्वयनको स्थितिका बारे संक्षेपमा राख्ने अनुमति चाहन्छु।

सभामुख महोदय,

- आज हामी मात्र एउटा सरकारलाई विस्थापन गरी बनेको अर्को सरकार सञ्चालन गरिरेहको सामान्य अवस्थामा छैनौं, ठूलो परिवर्तन पछिको नयाँ स्थितिमा छौं। यस्तो स्थिति २०१५ सालमा आयो, राणा शासन अन्त्यपछिको आम निर्वाचनबाट। यस्तो स्थिति २०४८ सालमा आयो, पञ्चायती शासन अन्त्यपछिको निर्वाचनबाट। अहिले संघीयता र गणतन्त्र, नयाँ विशेषता सहित हाम्रो प्रणालीका खम्वाका रूपमा प्राप्त र स्थापित भए।

हामीले आत्मसात गरी परिपुष्ट गर्नुपर्ने यो परिवर्तन, एकात्मकताबाट- संघीयता, प्रजातन्त्रको औपचारिकताबाट - सहभागितामूलक समावेशी लोकतन्त्र र राजतन्त्रात्मक प्रणालीबाट- गणतन्त्रमा प्रवेश गरेको नयाँ प्रणाली हो। संघीय लोकतान्त्रिक गणतन्त्रका, यसर्थ नयाँ विशेषता र अभिभाराहरू हुने नै भए।

- त्यसैले यस सरकारले, यसबर्षको कार्भभारलाई राज्यको संरचनागत व्यवस्थापनको वर्षको रूपमा उल्लेख गरेको हो। यस्तो संरचनागत व्यवस्थापन गर्न **कानून, संगठन, जनशक्ति, बजेट** र **लेखाप्रणाली** गरी कम्तिमा पनि **पाँच पक्ष**मा पुनर्संरचना गर्न आवस्यक थियो।
- कानुनी पुन:संरचनाका २ सीमा र २ पक्ष थिए। पहिलो सवैधानिक सीमा थियो- गत असोज ३ गते अगावै संविधानमा व्यवस्था भए अनुरूपको मौलिक हकलाई कार्यान्वयन गर्ने कानून निर्माण गर्नुपर्ने। दोस्रो सीमा आगामी फागुन २१ भित्र संघीयता अनुकुल नभएका कानूनहरूमा संशोधन गर्ने।
- यस सम्मानित सदनबाट पहिलो सीमाभित्र आवस्यक कानून तर्जुमा भयो। मौलिक हकलाई कार्यान्वयन गर्न बनेका कानूनहरूको नियमावली, विनियम, कार्यविधि र निर्देशनहरू तयार भई कार्यान्वयनमा आईसकेका छन्। अहिले १६५ कानून अद्यावधिक छन्। यस अधिवेशनमा स्वीकृतिका लागि संसदमा प्रस्तुत गरिएका ५६ वटा विधेयकहरू र संघीयता कार्यान्वयनसँग सम्बन्धित १०९ वटा कानुनहरूमा संशोधन गर्न बनेको केही नेपाल ऐन संशोधन सम्बन्धी विधेयक संघीय संसदमा पेश भएको छ। सदनलाई विजनेशको कमी हुन नदिन र हाम्रो समृद्धिको यात्रामा कानुनी अड्चन आउन नदिन बाँकी अन्य विधेयकहरू तत्काल स्वीकृतिका लागि पेश गरिनेछ।
- प्रदेश र स्थानीय तहमा उपयुक्त**संगठन** र दरबन्दी यकिन गरी ती तहमा आवश्यक **जनशक्ति**को आपूर्ति व्यवस्था मिलाउन कर्मचारी समायोजन अध्यादेश कार्यान्वयनमा ल्याइएको छ। हालसम्म ३४ हजार ३ सय ५७ जना कर्मचारीले आफ्नो वैयक्तिक विवरण अद्यावधिक गराएका छन्। ११ हजार ९ सय ६९ जनाले आफू समायोजन हुन चाहेको तहको छनौट गरी निवेदन समेत दिइसकेका छन्।
- प्रतिपक्षको तर्फबाट यसै सदनमा यस्ता प्रश्न पनि सुनियो- "कर्मचारी समायोजनका लागि अध्यादेश किन ल्याएको? कर्मचारीहरूको वृत्तिविकास रोक्न मिल्छ? गर्न खोजेको के हो? हामीले ल्याएको विधेयकमा संशोधन किन नल्याएको?" म स्पष्ट हुन आग्रह गर्दछु- अनिवार्य या स्वेच्छिक अवकासको बाटोमा गएको भए मुलुकले अनावस्यक ५०/६० अर्बको व्ययभार सदाको लागि बोक्नु पर्थ्यो। उमेर भएका राष्ट्रसेवक कर्मचारीलाई पेन्सनर बनाएर दक्षता गुमाउनु पर्थ्यो। अहिले सरकार र कर्मचारीहरूको आधिकारिक युनियनको बीचमा भएको सहमती कै आधारमा समायोजन प्रकृया अघि बढेको छ। यस प्रसंगमा "पानीलाई धमिलो पार्ने र धमिलोमा माछा मार्ने" रहर नगर्नु नै उपयुक्त हुने म ठान्दछु।
- मैले स्मरण गरिरहेको छु, कुनै समय पानीजहाजको कुरा गर्दा कागजका डुङ्गा फ्याकियो। रेलको चर्चा गर्दा रित्ता बाल्टिन् लाइनमा राखी कुरा काटियो। अहिले पनि सुनेको छु- जहाजको टिकट काटौं भनेको, काउण्टर खै ?हिजो नपत्याउनेहरू समेत आज, अब त हुन्छ क्यारे भन्ने तहमा पुगेमा म खुशी व्यक्त गर्दछु।

धैर्य रहौं- रेल पनि आउँछ, जहाज पनि चल्छ। स्टेशन, टिकट काउण्टर सबै खुल्छ, ढुक्क रहे हुन्छ।

- भारतीय सहयोगमा रक्सौल-काठमाडौं रेलमार्ग विस्तृत परियोजना तयार गर्न समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ।
- कुर्थादेखि जयनगरसम्म निर्माण गरिएको रेल-वे लाइनमा नेपालको आफ्नै रेल संचालन गर्न २ वटा रेल खरिद कार्य अगाडि बढाइएको छ।
- नेपाल पानीजहाज कार्यालय स्थापना र पानीजहाज रजिष्टार नियुक्त गर्ने प्रक्रिया शुरू गरिएको छ। नेपालमा जलमार्ग संचालनको लागि सम्भाव्यता अध्ययन भइरहेको छ।
- भारत र चीनमा भएको मेरो औपचारिक भ्रमण र त्यसको उपलव्धी बारे मैले यस सम्मानित सदनलाई जानकारी गराई सकेको छु। यसबीच मैले संयुक्त राष्ट्रसंघको ७३ औं महासभालाई सम्बोधन गरेको छु। न्युयोर्कमा साइडलाइन मिटिङ्गको रूपमा स्विट्जरल्याण्ड राष्ट्रपति, क्यानडा, वेलायत र कम्वोडियाका प्रधानमन्त्रीसंग भेटवार्ता भएको छ। कोष्टारिकाको औपचारिक भ्रमण गरेको छु। र, संयुक्त राष्ट्रसंघको **युनिभर्सिटी फर पीस**ले मलाई मानार्थ विद्यावारिधीबाट सम्मान गरेको छ। यो हामीले शान्ति स्थापनामा खेलेको भूमिकाको मान्यता हो। यो सम्मान, मेरो व्यक्तिगत सम्मान नभई म मार्फत नेपाली जनताले शान्ति स्थापना पुऱ्याएको योगदान र सामाजिक रूपान्तरणमा खेलेको भूमिकाको समेत सम्मान हो।
- हाम्रा परराष्ट्रमन्त्रीबाट जापान, केही युरोपेली मुलुकहरू र संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमण तथा आफ्ना समकक्षीसंग द्विपक्षीय वार्ता भएको छ। यी औपचारिक भ्रमण र द्विपक्षीय वार्ताले नेपालको कुटनीति, छिमेक सम्बन्ध र परराष्ट्र नीतिलाई थप मजवुत बनाएको छ।
- शिक्षामा, मुलुकमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न राष्ट्रिय जनशक्ति प्रक्षेपण कार्यदलले काम गरीरहेको छ। उच्चस्तरीय शिक्षा आयोगले आफ्नो कामलाई अन्तिम चरणमा पुऱ्याएको छ। यद्यपि यस सन्दर्भमा **चिकित्सा शिक्षामा नीजि क्षेत्रको सहभागिता हुनै नहुने** र **विद्यालय शिक्षामा नीजि क्षेत्र नभै नहुने** जस्ता अनौठा विरोधाभाष प्रकट भइरहेको छ।
- सुशासन र शान्ति सुरक्षाको सन्दर्भमा अनेक टिप्पणी सुनेको छु। यो सरकार संसदले बनाएको हो र यसैको मातहत छ। सुशासन बहाली गर्न र भ्रष्टाचार अन्त्यको लागि कुनै कसर बाँकी राखिने छैन। म भ्रष्टाचार गर्दिन र अरू कसैलाई पनि त्यो छुट दिन्न। कुन कुन विषयमा कस्ता कस्ता न्यायिक आयोग बनाउनु पर्ने हो, ती सबै गर्न सरकार तयार छ।
- तराईका २२ जिल्लामा शीतलहर घटाउन पूर्वतयारी स्वरूप २ करोड ७५ लाख निकासा गरिएको छ।

हिमाली क्षेत्रका २० जिल्लामा हिमपात हुँदा हुने चिसोको प्रकोपबाट अति विपन्न परिवारलाई बचाउन ५/५ लाख रूपैयाँ निकाशा दिईएको छ। शीतलहर र आगलागिका घटनामा परेका विभिन्न जिल्लाका पीडित परिवारलाई करिव ६ हजार थान राहत सामग्री उपलब्ध गराइएको छ।

- अध्यागमन विभागबाट प्रदान गरिने पर्यटक र गैर पर्यटक भिसा वितरण सेवालाई विद्युतीय टोकन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाइएको छ।
- २०१९ जनवरी १ बाट लागू हुने गरी नेपाल सरकार र संयुक्त राज्य अमेरिका बीच भिषा पारस्पारिकता कायम भएको छ।
- म फेरी एकपटक उल्लेख गर्न चाहन्छु, शान्ति प्रकृया मूलत: टुँगिएको छ। द्वन्द्वका घाउ-खतलाई मलहम पट्टी लगाई अन्तिम रूप दिने काममा सरकार सजगताका साथ सक्रिय छ।
- अहिले हामी लोकतन्त्रलाई सुदृढ गर्ने र लामो संघर्षपछिको उपलव्धीहरूलाई संस्थागत गर्ने क्रममा छौं। कुनै समय विपक्ष दलका नेता सत्तापक्षमा रहँदा राष्ट्रपतिको सन्दर्भमा भन्नु भएको म अहिले पनि स्मरण गरिरहेको छु- "राष्ट्रपतिले गल्ती गर्दैन। राष्ट्रपतिले गरेको काम मैले गरेको हो।"
- संबैधानिक व्यवस्थामा राष्ट्रपति आफैं बोल्दैन। केही गर्दैन र कुनै प्रतिवाद गर्दैन। जुन संस्था आफैं बोल्दैन, त्यसमाथि हमला गर्नुको अर्थ के हो? गणतन्त्रमा राष्ट्रपतिमाथिको आक्रमण भनेको व्यक्तिमाथिको हमला हैन, गण्तन्त्रमाथिकै हमला हो भन्ने हामी किन बुझ्न रहेका छैनौं ?

विवादमा ल्याईएको शितल निवास सम्बन्धि हरेक निर्णय सरकारले गर्छ, राष्ट्रपति संस्थाले हैन। यस संस्थाको गरिमाकालागि राज्यबाट गरिने व्यवस्थामा अनावस्यक ढोंग वा दरिद्रता प्रदर्शित गरिरहनु पनि आवस्यक छैन।

- हाम्रो संसद सचिवालयले होस नपुऱ्याई कुनै त्रुटी भएको भए सजग होउँ, सच्याउँ। जानी नजानी हामी मध्ये कोही कसैबाट कमी भएको छ भने सच्चिउँ। एउटाले विराउँदा सिङ्गो संस्था बदनाम हुनेमा सचेत होऔं। "घुँडा चुसेर" अघाइन्न भन्ने लोकोक्ति स्मरण गरौं। व्यक्ति त आउँछन् जान्छन्, संस्थाको साख र मर्यादामाथि आँच आए हाम्रो लोकतन्त्र अप्ठ्यारोमा पर्छ। आँच आउन नदिउँ, पुरानो घटनाको पुनरावृत्ति हुनबाट जोगिऊँ, जोगाऊँ।
- नि:सन्देह हामी समृद्धिको अभियानमा छौं। समृद्धिकोलागि अघि सारिएको यो राष्ट्रिय यात्रामा, सबैलाई सक्रिय सहभागी हुन म आव्हान गर्दछु। हाम्रो प्रतिपक्ष कसरी सहभागि हुन चाहन्छ, सरकार सोही अनुरूपको सहकार्य गर्न तयार छ।

म भन्न चाहन्छु- "योर च्वाइस इज फर्स्ट!"

धन्यवाद।

*(प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रतिनिधि सभाको पुस २२ गतेको बैठकमा सम्बोधन गरिएको वक्तव्यको मुख्य अंश)*



संसदमा सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली।

# प्रधानमन्त्रीलाई उपप्रधानमन्त्रीको स्मरण-पत्र

**सम्मान्नीय प्रधानमन्त्रीज्यू,**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

**विषय : स्मरण सम्बन्धमा।**

राजनीतिक इतिहासमा लामो कालखण्डपछि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा पहिलो पटक संसद्मा दुई तिहाई बहुमत प्राप्त राजनीतिक पार्टीहरूको संयुक्त सरकार बनेको छ। संसारभरी नै उदारवादी तथा रूढीवादी शक्तिहरू प्रवल बन्दैगइरहेको बेलामा नेपालमा प्रगतिशील शक्तिहरूको सरकार निर्माण हुनु आफैमा अन्यन्त महत्वपूर्ण र ऐतिहासिक राजनीतिक उपलब्धि हुन्। तर, सरकार गठन भएको लगभग १ वर्ष हुनलागेको अवस्थामा पनि त्यसको प्रत्यक्ष अनुभूति नेपाली जनताले पाउनु पर्दथ्यो, त्यो किनहुन सकेन ? त्यसको पनि विश्लेषण र समिक्षा हुनु पर्दछ। सरकारमा सामेल भएर नेपाल कम्युनिष्ट पार्टी र संघीय समाजवादी फोरम, नेपाल सहकार्य गरी मुलुकबाट गरिबी, बेरोजगारी, आर्थिक पछ्यौटेपन, असमानता र विभेदलाई अन्त्यगर्दै संघीयता, लोकतान्त्रिक गणतन्त्र, सामाजिकन्याय, समावेशी प्रतिनिधित्व, भागिदारी, हिस्सेदारीसहितको समावेशी लोकतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्दै आर्थिक समृद्धितर्फ तीब्र गतिमा अगाडि बढ्नु पर्ने आजको ऐतिहासिक आवश्यकतालाई पूरा गर्न निम्न विषयहरूमा सम्मान्नीय प्रधानमन्त्रीज्यूको आवश्यक र ठोस पहलकदमी होस् भन्ने उद्देश्यले ध्यानाकर्षण गराउन चाहन्छौं।



१. मुलुकको विद्यमान राष्ट्रिय समस्याहरूलाई हलगर्न, नीति निर्माण र त्यसको कार्यान्वयनमा सहयोग पुऱ्याउन दुबै पार्टीको बीचमा संयुक्त कार्यदल बनाई कार्य गर्न।

२. संघीयता, लोकतन्त्र, गणतन्त्र, समानुपातिक समावेशीकरण र राष्ट्रिय पहिचानको मान्यता, राजनीतिक उपलब्धिहरूलाई संस्थागत गर्न र राष्ट्रिय समस्याहरूलाई हल गर्न समेतका लागि संविधान संशोधन गर्न आवश्यक गृहकार्य गरी संसदको यसै सत्रमा विधेयक पारित गराउन।

३. ऐन/कानूनहरू निर्माण वा संशोधन गर्दा संघीय गणतन्त्र मजबूत हुने गरी निर्माण गर्न।

४. मुलुकमा बढ्दो अराजकता, ढिलासुस्ती, कमिशनतन्त्र, भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गरी जनतालाई सामाजिक न्याय र सुशासनको प्रत्याभूति गराउन।

५. प्रदेश सरकारलाई सबल र सक्षम बनाउन संघीय गणतन्त्रको भावनाअनुकूल आवश्यक अधिकार, शक्ति, स्रोत र साधन उपलब्ध गराई संघीय गणतन्त्रलाई संस्थागत गरी मजबूत बनाउन।

६. विगतमा भएका मधेश/थरूहट आन्दोलनका क्रममा राजनीतिक नेता तथा कार्यकर्ताहरूमाथि दमन गर्न लगाइएका मुद्दाहरू फिर्ता गराउन।

७. विभिन्न आयोगहरूलाई पूर्णरूपले क्रियाशील बनाउन समावेशितालाई ध्यानमा राखी आवश्यक आपसी परामर्श र समझदारीका आधारमा नियुक्तिहरू गरी पूर्णता दिन।

८. विकासका दृष्टिकोणले पछाडि पारिएका वा परेका कर्णाली प्रदेश र प्रदेश नं २ लाई विकास र निर्माणका लागि विकास सम्बन्धि विशेष योजनाको व्यवस्था गर्न।

९. अन्तर मन्त्रालयहरूबीच आपसी सद्भाव, सहयोग र सम्बन्धकायम गरी कार्य गर्न।

१०. संघीय समाजवादी फोरम नेपालको जिम्मेबारीमा परेका मन्त्रालयहरूको कार्य प्रभावकारितालाई बढाउन आवश्यक वातावरण, सहयोग र समन्वय गर्न।

११. कर्मचारीतन्त्र माथिको राजनीतिक परनिर्भरतालाई कम गरी सरकारको नीति निर्माण, निर्णय र कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन।

१२. राष्ट्रिय हितको प्रतिकूल नहुने गरी द्विपक्षीय वा बहुपक्षीय सम्बन्ध तथा अन्तराष्ट्रिय मामिलामा सन्तुलित सम्बन्ध र कूटनीतिक प्रयासहरू गर्न।

## मधेश अपडेट

### बाल विवाहविरूद्धको संकल्प

रौतहट। नेपाल प्रहरीका संगठन प्रमुख प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले छोरी जस्तो ठूलो अमुल्य सम्पति केही पनि नभएको बताएका छन्। गौर नगरपालिका, राजदेवी नगरपालिका तथा यमुनामाई गाउँपालिकाको संयुक्त आयोजनामा रौतहट जिल्लाको सदरमुकाम गौरस्थित ब्यारेक मैदानमा आयोजना गरिएको बाल विवाह विरूद्धको वृहत् संकल्प समारोह २०७५ मा प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै प्रहरी महानिरीक्षक खनालले छोरी र छोरीले हासिल गरेको शिक्षा भन्दा अरू सम्पति केही नभएको ठोकुवा गरे। बाल विवाह क़ानूनी अपराध भएकोले वाल विवाह गरेमा क़ानूनी कार्यवाही हुने चेतावनी दिँदै बाल विवाह, दाइजो प्रथा निर्मूल गर्न नेपाल प्रहरी प्रतिवद्ध रहेको बताए। उनले भने, 'पदमा बहाल रहेसम्म तथा सेवा अवकाश भएपछि यो अभियानमा निरन्तर लागि रहने छु।'

### कारबाही हुनुपर्छ : देउवा

मोरङ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वाइडबडी विमान प्रकरणमा जोसुकै भए पनि कारवाही हुनुपर्नेमा जोड दिएका छन्। भ्रातृ सङ्गठन नेपाल राष्ट्रिय मगर सङ्घको आयोजनामा मोरङको लेटाङ नगरपालिकामा आयोजित प्रदेश नं १ स्तरीय दुईदिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुहुँदै सभापति देउवाले वाइडबडी विमान प्रकरणमा जुनसकै पार्टीको भए पनि कारवाही हुनुपर्ने पार्टीको धारणा रहेको स्पष्ट पारे। सरकारले छुट्टै छानविन समिति बनाएर घटनालाई लुकाउने शङ्का उत्पन्न भएको बताए। सभापति देउवाले जनताको इच्छा र चाहनाअनुसार काम गर्न नसकेका कारण सरकार विभिन्न विवादमा फस्दै गएको आरोप लगाए।

### गम्भीर समीक्षा सुरू : प्रचण्ड

चन्द्रकान्त खनाल, रूपन्देही। नेपाल कम्युनिष्ट पार्टी नेकपाका अध्यक्ष प्रचण्डले प्रधानमन्त्री केपी ओली र आफूले सरकार संचालनको विषयमा गम्भिर समीक्षा सुरू गरेको बताएका छन्। बुटवलमा आइतबार सम्पन्न अगुवा कार्यकर्ता भेलापछि सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै अध्यक्ष प्रचण्डले सरकारको समीक्षा प्रधानमन्त्री र आफूले सुरू गरेपनि मन्त्रिपरिषद् पुनर्गठन हुने कुनै सम्भावना नरहेको बताए। यसअघि बुटवलस्थित नेकपाको ५ नम्बर प्रदेश कार्यालयमा अगुवा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै एमाले र माओवादीबीचको एकता कुनै प्रतिक्रियावादीले दिएको बरदान नभएको बताएका थिए। उनले पार्टी एकता राष्ट्रको समृद्धि र कम्युनिष्ट आन्दोलनको रक्षाका निम्ति भएको स्पष्ट पार्दै सानोतिनो कुरामा अल्झिने बेला नभएको समेत बताए। माघ महिनाभित्रै पार्टीका सबै तहमा एकता हुने दाबी गर्दै उनले माघ महिनामै पार्टी केन्द्रको बैठक बोलाएर एकतालाई अनुमोदन गरिने जानकारी दिए।

### सरकारको नियत सफा छ : नेपाल

जनकपुरधाम। नेपाल कम्युनिष्ट पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालले सरकारको नियतमा बेइमानी नरहेको बताएका छन्। उनले जनअपेक्षाअनुसार जसरी काम गर्न सक्नुपर्नेथियो त्यसरी गर्न नसकेको तर नियत साफ रहेको उनको धारणा थियो। नेकपा धनुषाले आइतबार जनकपुरधाममा आयोजना गरेको भेटघाट कार्यक्रममा प्रतिपक्षी दल तथा विरोधीले वर्तमान सरकारको लोकप्रियता देखेर दुष्प्रचार गर्न लागेको बताए। उनले यस्ता दुष्प्रचारको पछि नलागी कार्यकर्तालाई दृढतासाथ सरकारको बचाउ गर्न आह्वान गरे। नेता नेपालले वर्तमान सरकारको लोकप्रियता देख्न नसकेर प्रमुख प्रतिपक्षी दल काङ्ग्रेसमा हतास र निरासाको प्रवृत्ति बढेको भन्दै दुष्प्रचारबाट बच्न कार्यकर्तालाई आग्रह गरे।

### "क्लोथ बैंक" स्थापना

जनकपुरधाम। शीतलहर र अत्याधिक चिसोबाट जोगाउनका लागि जनकपुरधाममा क्लोथ बैंकको स्थापना गरिएको छ। धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको पहलमा अधिकृत संगम धनुषाको सभाकक्षमा भएको सर्वपक्षीय बैठकले राजपा महासचिव राजीव झाको नेतृत्वमा सात सदस्यीय "क्लोथ बैंक" स्थापना गरेको हो। क्लोथ बैंकका उपाध्यक्षमा सुनिल चौधरी, सचिवमा पत्रकार पुरन साह र कोषाध्यक्षमा सफाइ अभियानी सुरेश शर्मालाई चयन गरिएको छ। त्यसैगरी एकजना महिला सदस्य तत्काल खाली राखिएको छ भने अन्य सदस्यमा पारस जैन र जनक राय चयन भएका छन्। प्रमुख जिल्ला अधिकारी कणेललाई बैंकको प्रमुख सल्लाहकार बनाइएको छ। अन्य सल्लाहकारमा प्रहरी उपरीक्षक,सशस्त्र प्रहरी उपरीक्षक,जिल्ला समन्वय समिति,नेपाली सेना धनुषा प्रमुख,पत्रकार महासंघ धनुषा,जनकपुर उद्योग बाणिज्य संघ,पूर्व प्रशासक राम रतन मिश्र रहने प्रावधान विधानमा राखिएको छ। क्लोथ बैंकले चिसो छल्नका लागि न्यानो कपडाका साथै जिउमा लगाइने सबै प्रकारका लुगा संकलन गर्ने र आवयश्क परेकालाई सम्पूर्ण विवरण लिएर हस्ताक्षर गराई वितरण गर्ने झाले जनाएका छन्।

### शैक्षिक सामग्रीसहित झोला तथा टोपी वितरण

वीरगंज। बढ्दै गएको चिसोलाई मध्यनजर गर्दै डिश होम केन्द्रद्वारा गरीब र असहाय विद्यार्थीहरूलाई शैक्षिक समग्री वितरण गरिएको छ। पर्साको पोखरिया नगरपालिका वार्ड नम्बर ४ स्थित रहेको श्री जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक नमुना माध्यमिक विद्यालयमा अध्ययनरत १५० जना बालबालिकाहरूलाई शैक्षिक सामग्रीसहितको झोला तथा न्यानो टोपी वितरण गरिएको हो। डिश होम केन्द्रले तराईको प्रदेश नम्बर २ मा रहेको सबै जिल्लाहरूमा शैक्षिक सामग्रीसहितको झोला तथा न्यानो टोपी वितरण गरिने कार्यक्रम राखेको छ। पोखरिया नगरपालिकाका मेयर दिप नारायण रौनियार, उपमेयर सलमा खातुन र डिश होमका ब्राण्ड मनेजर मनोज न्योपानेले संयुक्त रूपमा शैक्षिक सामग्री सहितको झोला तथा न्यानो टोपी विद्यार्थीहरूलाई वितरण गरेका थिए।

### झोलासहित टोपी वितरण

रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर ५ स्थित रहेको आधारभूत विद्यालय बाल मन्दिरमा अध्ययनरत बालबालिकाहरूलाई बुधबार आयोजित एक कार्यक्रमबीच डिश होमले झोला तथा न्यानो टोपी वितरण गरेको छ। डिश मीडिया नेटवर्क लिमिटेडले विद्यार्थीहरूका लागि ल्याएको डिशहोम उज्वल भविष्य कार्यक्रमअन्तर्गत शैक्षिक सामग्री सहितका न्यानो झोला वितरण गरेको हो। विपन्न परिवारका तथा जेहेन्दार विद्यार्थीको उचित प्रोत्साहन र शैक्षिक सामग्रीको आभावमा शिक्षाबाट वंचित हुन नपरोस् भन्ने उद्देश्यले सामाजिक उत्तरदायित्वको निर्वाह गर्दै डिश होम उज्जवल भविष्य कार्यक्रम ल्याइएको ब्राण्ड मैनेजर मनोज न्यौपानेले बताएका छन्।

### मुख्यमन्त्रीलाई ज्ञापन

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई ज्ञापनपत्र बुझाइएको छ। कञ्चनपुरका राजनीतिक दलका भ्रातृ संगठन र प्रदेशसभा सदस्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर भीमदत्त नगरपालिका नगर विकास समितिको नामको ६३८ बिघा जमीनको केही अंश व्यक्ति, व्यपारी, कर्मचारी र ठेकेदारलाई वितरण गरेको देखिएको र त्यसमा भौतिक संरचना निर्माण गरेको विषयसम्बन्धी ज्ञापनपत्र बुझाइएको हो। मुख्यमन्त्री भट्टले सरकारी स्वामित्वमा रहेको सम्पत्तिमा कसैले पनि गैरकानूनी ढङ्गबाट काम गर्न नपाउने बताएका छन्।

### जलविद्युत आयोजनाबारे बृहत छलफल

चन्द्रकान्त खनाल, रूपन्देही। भिजन लुम्बिनी लिमिटेडको तेस्रो साधारण सभा तथा सेती नदी जलविद्युत आयोजनाबारे बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उद्योग पर्यटन वन तथा वातावरण मन्त्री लिला गिरी प्रदेश सामूहिक लगानी र प्रतिवद्धताले मात्रै मुलुक संवृद्ध बन्ने बताए। मन्त्री गिरीले धेरै जनाको सीप, ज्ञान र रकमले ठूला आयोजनामा समेत हात हाल्न र सफलता पाउन सकिने भएकाले त्यसमा प्रदेश सरकारले समेत सहयोग गर्ने वताए। उर्जा देशको सबैभन्दा आवश्यक र लगानीको अवसर भएको बताउदै त्यसमा बुटवलवासी पनि संलग्न हुनु खुसीको कुरा रहेको बताए। उर्जा वीज्ञ गणेश प्रसाद श्रेष्ठले उर्जा र त्यसको लगानीको अवसरबारे जानकारी गराएका थिए।

### नाम र राजधानी चाँडै : मुख्यमन्त्री

विराटनगर। मुख्यमन्त्री शेरधन राईले प्रदेश संसद्को आगामी हिउँदे अधिवेशनबाट प्रदेश नं १ को नामकरण टुङ्गो लगाइने बताएका छन्। "अब केही समयपछि प्रदेशसभाको हिउँदे अधिवेशन बोलाउँदैछौं त्यसले प्रदेशको स्थायी राजधानी र नामाकरणका विषय टुङ्गो लगाउनु छ। यी दुवै विषयमा छलफल र बहस व्यापक बनाएका छौं। लामो समयदेखि बहसका विषय रहेको चुनौतीपूर्ण भए पनि यसलाई सहमतिका आधारमा टुङ्गो लगाउछौं", उनले भने। मुख्यमन्त्री राईले प्रदेशको नाम किराँत राख्नेबारे सम्बद्ध निकाय र विज्ञको राय लिइएको र अन्य विचार र भावनालाई पनि आत्मसात् गरी तथ्यपूर्ण र तर्कपूर्ण आधारको जगमा उभिएर नामाकरणका विषयलाई निरूपण गरिने उल्लेख गरे।

# फाँसीको सजाय पाएका जलेश्वर चौधरीको घर पुगेर फर्किंदा...

**कारी महतो/चितवन**

साउदी अदालतले जलेश्वर चौधरीलाई ८ महिनाभित्र ब्लडमनि नतिरे फाँसीको सजाय सुनाएको छ। तर ब्लडमनि तिरेमा उनको सजाय माफ हुनेछ। ब्लडमनि वापत ४५ लाख तिर्नुपर्ने हुन्छ। जलेश्वर चौधरीको बारेमा मलाई फेसबुक मेसेन्जर मार्फत केहि अगाडि नै अपुष्ट जानकारी गराएको थियो। मैले थप जानकारी मागेको थिएँ। तर पाउन सकिएन। यता छैठौं खिचरा महोत्सवको तयारी चलिरहँदा पूर्वी चितवनका पत्रकार साथीहरूले जलेश्वरको बारेमा सोधखोज गरेर स्थानीय पत्रिका मार्फत् समाचार प्रकाशन गरे। अहिले जलेश्वर बचाऊ अभियान चलेको छ। जलेश्वर बचाऊ अभियान शुरू गर्ने संघसंस्था र साथीहरूलाई हार्दिक धन्यवाद छ।

यसै सिलसिलामा पुस २१ गते म लगायत छैठौं खिचरा महोत्सव मूल आयोजक समितिका संयोजक चुडामणि चौधरी, आर्थिक समितिका संयोजक टिकेन्द्र चौधरी, विक्रम चौधरी हामी चारजना जलेश्वर चौधरीको घर पुग्यौं। बिहान पत्रकार सम्मेलन, दिउँसो नृत्य प्रतियोगिताको अडिसन भ्याएर हामी बेलुकातिर जलेश्वरको घरमा पुगेका थियौं। झमक्क साँझ परिसकेको थियो। सोध्दै खोज्दै जलेश्वरको घर पुग्दा अँध्यारो भैसकेको थियो। तर जलेश्वरको घरमा बत्ती बलेको थिएन। आधा छानो जस्तापाता र आधा टायलले छाएको कच्ची घर रहेछ। केहि सरसामग्रीहरू यत्रतत्र छरिएको थियो। शायद दिनभरि घरमा कोहि पनि थिएन। त्यो घरको अगाडिपट्टि सानो झुपडी रहेछ। झुपडीलाई भान्साघरको रूपमा प्रयोग गरिदो रहेछ। त्यो झुपडीभित्र धिपधिपे बत्ती बलेको बाहिरैबाट देखियो। हामीले आवाज दिएपछि भित्रबाट एकजना अन्दाजी साठी पैसट्ठी वर्षका वृद्ध बाहिर निस्केर हामीलाई नियालेर हेर्यो। उनी जलेश्वरको बुबा रहेछ। उनी घरभित्र गएर बत्ती बाले र थारू भाषामा रून्चे स्वरमा भने "आज दिनभरि केहि खाएको छैन। चन्दा उठाउन गएको थिएँ। भर्खर घर पुगेर भान्सामा भात पकाउन आगो सल्काउन थालेको थिएँ।" हामीले सोध्यौं "आमा खै त?" "ऊ पनि चन्दा उठाउन अर्कै टोलीसँग गएकी छे, अहिलेसम्म घर पुगेकी छैन।" उनले प्रत्युत्तरमा भन्यो। करीब दुई घण्टाको भलाकुसारीपछि हामीले छैठौं खिचरा महोत्सवबाट सक्दो आर्थिक सहयोग गर्नेछौं भनी आश्वासन दिएर फर्क्यौं। छोराले कमाएर ल्याएपछि सुखसँग बस्ने सपना देखेका बृद्धवृद्धाले आफ्ना २५ वर्षीय छोरा जलेश्वर चौधरीलाई बचाउन दिनरात संघर्ष गरिरहेका छन्।

**को हुन् जलेश्वर ?**

जलेश्वर चौधरी खैरहनी नगरपालिका वडा नं. १०, गोठौलीका सुकराम महतो र मलुई महतोका छोरा हुन्। उनी २५ वर्षीय युवा हुन्। ऊ चार वर्ष वर्षअघि वैदेशिसक रोजगारका लागि साउदी अरब पुगेका थिए। साउदीमा ब्लक उत्पादन गर्ने रूफ कम्पनीको मिक्चर चलाउने काम गर्न थालेका थिए। साउदीमा एउटा दुर्घटना भयो। उनले चलाएको गाडीको पछाडिबाट एउटा कारले ठक्कर दिए। ठक्कर दिने कारचालकको मृत्यु भयो। घटना भएलगत्तै चौधरी जेलमा परे। दुई वर्ष जेल सजाय काटिसकेपछि मृतकका परिवारले माफी दिएपछि उनी जेलमुक्त भए। घर फर्किन ठिक्क परेका चौधरीलाई साउदी अदालतले एउटा फैसला सुनायो र उनी घर फर्किन सकेनन्। मृतकको आठ वर्षीय छोरा रहेको र उनको लालनपालनका लागि भन्दै साउदी अदालतले जलेश्वरसँग एक लाख ५० हजार रियल अर्थात् करिब ४५ लाख नेपाली रूपैयाँ माग गरेपछि स्वदेश फर्किने उनको सपना क्षणभरमै तुहियो। साउदी अदालतले ब्लडमनीको रूपमा चौधरीसँग सो रकम माग गरेको हो।

साउदी अदालतले ४५ लाखको भारी बोकाएपछि जलेश्वर अहिले साउदीमै अलपत्र अवस्थामा लुकिछिपी बसेका छन्। अदालतले गत मंसिरदेखि ८ महिनाको समयसीमा राखेर सो रकम बुझाउनका लागि जलेश्वरलाई ताकेता गरेको छ। जलेश्वर जेलमुक्त भएको करिब ७ महिना भएको छ। जेलमा परेपछि पहिला काम गरेको कम्पनीले पनि उनलाई कामबाट निकालेको छ। चौधरी अहिले गैरकानुनीरूपमा साउदीमा छन्। सात महिनाअघिदेखि साथीको कोठामा लुकेर बस्दै आएका उनलाई त्यहाँ खानबस्नसमेत समस्या भएको छ। अवैध बसाइँ भएका कारण कुनै कम्पनीमा काम गर्न पाइँदैन।

**जलेश्वरको घरायसी अवस्था**

जलेश्वरको बुबाको नाममा १० धुर र पुर्जा नभएको गाउँ ब्लकको १० धुर जग्गा मात्र छ। त्यस बाहेक उनको पैतृक सम्पत्ति छैन। जलेश्वरको बुबाले ज्याला मजदुरी गरेर छाक टार्ने गरेका छन्। ज्याला मजदुरी नगरी उनीहरूको घरमा चुल्हो बल्दैन। तर अहिले ज्याला मजदुरी गर्न पनि पाएका छैनन्। छोरालाई स्वदेश फर्काउनका लागि दैनिक रूपमा चन्दा उठाउन हिड्छन्। साउदी अदालतले माग गरेको ४५ लाख रकम बुझाउन सक्ने उनीहरूको हैसियत नै छैन।



जलेश्वर चौधरीका आमाबुवा सहयोगका लागि गुहार गर्दै।



जलेश्वर चौधरी

कमाउन गएको छोरो साउदीमा अलपत्र परेको कुरा बुबाआमाले दुई महिनाअघि मात्र थाहा पाएका हुन्। छोरालाई स्वदेश फर्काउन ४५ लाख रूपैयाँ साउदी अदालतले माग गरेको कुरा थाहा पाएपछि बुबाआमा चिन्तामा डुबेका छन्। छोराले विदेशबाट कमाएर पठाएको पैसाले एउटा पक्की घर बनाएर सुखसयलसँग बसौंला भन्ने आशा बुनेका सुकराको आशामा कुठारघात भएको छ। छोरा अलपत्र परेको र साउदी अदालतलाई सो रकम नबुझाई घर आउन नपाउने खबर सुनेपछि उनीहरू निदाउन सकेका छैनन्। जलेश्वरका बुबा सुकरा महतो र आमा मलुई महतोले छोरालाई साउदीमा मृत्यु दण्ड सुनाएको खबरले रातदिन आँखामा बलिन्धारा आँसु लिई पिल्सिनु परेको छ।

**जलेश्वर बचाऊ अभियान शुरू**

गाउँलेहरूले आर्थिक संकलन सहयोग समिति गठन गरेर पैसा उठाउन सुरू गरेका छन्। उनीहरूले दुईवटा टोली बनाएर चन्दा उठाउन हिडिरहेका छन्। तर गाउँमा उठाएको पैसाले लक्ष्य प्राप्त गर्न मुस्किल छ। स्थानीय रूपमा यति ठूलो रकम सीमित समयमा उठाउन निकै मुस्किल परेकोले यसका लागि नेपाल सरकार र मानव अधिकारकर्मीलाई पहल गरिदिन वडा नं. १० का वडा सदस्य रामदिन चौधरीले अनुरोध गरेका छन्।

सामाजिक स्वयंसेवक नेपाल मिसन चितवनको आयोजनामा जलेश्वर बचाऊ अभियान सुरू भएको छ। हालसम्म ४ लाख ५६ हजार ९ सय रूपैयाँ संकलन भइसकेको सामाजिक स्वयंसेवक नेपाल केन्द्रीय सदस्य ढाकाराम पौडेलले जानकारी दिएका छन्। यो अभियानमा सबैले सहयोग गर्न सामाजिक स्वयंसेवक नेपाल मिसन चितवनका अध्यक्ष सागर लामिछानेले बताए। हिमालयन बैंक खैरहनी शाखाको खाता नम्बर ०३००७७४५६०००१३ वा मिसन चितवनको मुक्तिनाथ विकास बैंकको खाता नम्बर ११०१०२००२८३५६३००००१ वा सीधै सम्पर्क गरेर पनि आर्थिक सहयोग गरिदिन आग्रह गरिएको छ।

यसैगरी खैरहनी नगरपालिका वडा नं. ९ बैरहनी स्थित बैरहनी युवा क्लबले पनि जलेश्वर बचाऊ अभियान संचालन गरी आर्थिक संकलन गरिरहेको क्लबका अध्यक्ष विक्रम पंजियार महतोले जानकारी गराएका छन्।

**खिचरा महोत्सवमा जलेश्वर बचाऊ अभियान**

यहि पुस २८ देखि माघ ७ सम्म खैरहनी नगरपालिका वडा नं. ५, जबकौली गौचरनमा हुन गैरहेको छैठौं खिचरा महोत्सवमा पनि जलेश्वर बचाऊ अभियान संचालन गरिने आर्थिक समितिका संयोजक टिकेन्द्र चौधरीले जानकारी दिएका छन्। महोत्सवमा आमन्त्रित सबै कलाकार मार्फत् जलेश्वरलाई बचाउन आर्थिक संकलनका लागि आहवान् गरिने साँस्कृतिक संयोजक जयस चौधरीले बताए। महोत्सवको स्टेजबाट आर्थिक संकलन गर्नेहरूका नाम होस्टहरूले बाचन गर्ने, अलि बढी आर्थिक सहयोग गर्नेहरूको नाम राष्ट्रिय कलाकारहरूबाट बाचन गरिने तथा उत्कृष्ट सहयोग गर्नेहरूलाई महोत्सवको स्टेजमा आमन्त्रण गरी अभिनन्दन गरिने छ। यसका लागि महोत्सवको प्रचारप्रसारको जिम्मेवारी लिएको थारू पत्रकार संघ नेपाल चितवन शाखाले महत्वपूर्ण भुमिका खेल्ने छ।

## प्रविधि मेलामा कलाकारको प्रस्तुती

कैलाली। महिला उद्यमशिलता, औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी मेला सुरू भएको छ। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सोमबार सो मेलाको उद्धाटन गरेका छन्। पुस २९ गतेसम्म चल्ने सो मेलामा २०० व्यापारिक कक्ष रहेका छन्। मेलामा घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको प्रदर्शनी, कृषि प्रदर्शनी, रमाइलो मेलासँगै प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहने जनाइएको छ। मेलाको उद्धाटन गर्दै मुख्यमन्त्री भट्टले साना तथा घरेलु उद्योगबाट उत्पादन भएका वस्तुको आधुनिकीकरण गर्नुपर्ने बताएका छन्।

## माघीको रौनक

धनगढी। थारू समुदायको महान् पर्व माघीमा घन्किने गीतले कैलालीको थारू बस्तीहरू माघी नलाग्दै गुञ्जायमान हुन थालेका छन्। वर्षदिनको पीडा बिर्सेर उल्लासपूर्वक मनाइने माघी पर्वको चहलपहल शुरू भइसकेको छ। जवान व्यक्ति, बालबालिका, वृद्धावृद्धा सबै माघी पर्वको रौनकमाभिजेका छन्। गाउँघरका जमिनदार परिवारदेखि मुक्तकमैया बस्तीसम्म पर्वको उमङ्ग र उल्लासले छोइसकेको छ। कामकालागि विदेशिएकाहरू माघी मनाउनलाई फर्किन थालेका छन्। पुस अन्तिम दिनबाट माघी शुरू हुने भएपनि धमार गीत, मघौटा नाचसँगै हरेक बस्तीका थरू माघीको तयारीमा जुटेका छन्।

## बुटवलमा पहिलोपटक बैङ्किङ एक्स्पो हुने

रूपन्देही। आगामी माघ ११ र १२ गते बुटवलमा बैङ्किङ एक्स्पो हुने भएको छ। सर्वसाधारणमा वित्तीय जागरणमार्फत उद्यमशीलताको विकास गर्ने उद्देश्यले पहिलोपटक यहाँ बैङ्किङ एक्स्पो आयोजना गर्न लागिएको हो। मिडिया इन्टरनेसनल काठमाडौँको आयोजना, नेपाल राष्ट्र बैङ्कको प्रवर्द्धन तथा बीमा समिति र धितो बोर्डको सहयोगमा बैङ्किङ एक्स्पो हुन लागेको हो। कालीकानगरस्थित कालीका मानव ज्ञान माविको प्राङ्गणमा हुने एक्स्पोमा विभिन्न वाणिज्य बैङ्क, विकास बैङ्क, लघु वित्त वित्तीय संस्था, फाइनान्स कम्पनी, बीमा कम्पनी र सेयर कारोबार गर्ने संस्थाहरूका ५० वटा स्टल रहने आयोजक संस्थाका अध्यक्ष माधव निर्दोषले जानकारी दिनुभयो। एक्स्पोमा बैङ्कहरूले आफ्ना प्रोडक्ट, ब्याज दर, सेवालगायतका विषयमा अवलोकनकर्ताहरूलाई प्रत्यक्ष जानकारी गराउने छन्।

## समसानघाटमा सरसफाई सुरू

नेपालगन्ज। नेपालगञ्ज उप-महानगरपालिका वडा नम्बर ८ का अध्यक्ष सुरेन्द्र गुप्ताको पहलमा समसानघाटको सरसफाइ सुरू गरिएको छ। घाट करिब १०० कट्ठामा रहेको छ। गुप्ताले उत्तरतर्फको शवदाहस्थल नजिकै फुलवारी बनाउने सोच रहेको बताए। यसैगरी आरसिसी रोडको चारैतिर पनि फुलवारी राख्ने बताए। यसका लागि करिब तीन लाख रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। गत आवमा १० लाख रूपैयाँ आरसिसी गरिएको छ।

## प्रधानन्यायाधीश भ्रष्ट रहेको आरोप

काठमाडौं। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.ले ऐतिहासिक धरोहर तथा सार्वजनिक सम्पदा मासेको आरोप लागेको छ। 'पूर्व शाहेब जी प्रमोद विक्रम शाहले किर्ते प्रमाण खडा गरी जिल्ला बारामा मेरो लगत श्रेस्ता कायम रहेको जिल्ला परिवर्तन भएका बखत मेरो जग्गा पर्सामा पर्न गएको भनी झुठा प्रपञ्च खडा गरी मिति २०४८।१।२० गते १ नं. नयाँ नापी गोश्वारा टोलीमा दर्ता गराउन सफल भए' प्रमाणसहित आरोप लागेको हो। उनलाई न्याय परिषद्ले प्रधानन्यायाधीशका लागि सिफारिस गरेपछि उनका विरूद्ध प्रमाणसहित यस्तो गम्भीर आरोप लागेको लागेको थियो। ऐतिहासिक धरोहर तथा सार्वजनिक सम्पदा संरक्षण अभियान वीरगन्जले पुस १३ गते मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी जफर अन्सारीले उनीमाथि यस्तो आरोप लगाएका हुन्। उनले पत्रकार सम्मेलनमा भने, 'यस्ता भ्रष्ट व्यक्ति न्याय क्षेत्रको सर्वोच्च पदमा पुगे देश नै खतरामा पर्नेछ।'

अभियानका संयोजक अन्सारीले 'जबराको नातामा पर्ने प्रमोद विक्रम शाहले किर्ते प्राण गरी जिल्ला बारामा मेरो लगत श्रेस्ता कायम रहेको जिल्ला परिवर्तन भएका बखत मेरो जग्गा पर्सामा पर्न गएको भनी झुठा प्रपञ्च खडा गरी मिति २०४८ साल बैशाख २० गते १ नं. नयाँ नापी गोश्वारा टोलीमा दर्ता गराउन सफल भएको' विज्ञप्तिमा उल्लेख गरेका छन्।

ऐतिहासिक तथा धार्मिक सार्वजनिक पोखरीको एक भागमा हिन्दू समुदायको छठघाट, मुस्लिम समुदायको ईदगाह, सरकारी ताराचन किसनलाल स्कूल तथा अनाथालय भूमाफिया प्रमोद विक्रम शाहले आफ्नो नाममा दर्ता गराएको आरोप अन्सारीको छ। तत्कालीन अवस्थामा न्यायाधीश चोलेन्द्रको इजलाशबाट नातावादको आडमा आपसी मिलेमतो गरी न्यायको सर्वमान्य सिद्धान्त विपरीत शाहको नाउँमा लालपुर्जा कायम गरिदिएको अन्सारीले पत्रकार सम्मेलनमा भने।

'उक्त पोखरीमा आजसम्म हिन्दू मुस्लिम समुदायको धर्म संस्कृतिका कार्यहरू परम्परागत रूपमा हुँदै आएकोमा भूमाफिया प्रमोद विक्रम शाह सर्वोच्च अदालतको फैसलाको आधारमा सार्वजनिक पोखरीको धार्मिक प्रकृति लोप गर्नका लागि गुण्डा बदमास लगाई छठ देवीका पुराना अवशेषहरू लोप गरी माटो पुर्न खोज्दा हिन्दू मुस्लिम समुदायबाट पटक-पटक प्रतिकार गर्दा गम्भीर प्रकृतिका घटनाहरू भए' विज्ञप्तिमा उल्लेख छ।

कला सम्वाद

# "चौका दाऊ" सामाजिक हास्यप्रधान चलचित्र हो



**पुर्णेन्दु झा**
**चलचित्र निर्देशक**

**० प्रदर्शनमा आएको *चौका दाऊ* चलचित्रको कथावस्तु के हो ?**

– *चौका दाउ* भन्नाले जुवाताससँग सम्बन्धित भएर आएको शब्द हो। कौडा लेख्दा चौका, पञ्जा, छक्का भन्ने दाउहरू हुन्छन्। ती सबैमध्ये चौका दाऊ सबैको राजा दाऊ हो। यो फिल्ममा चौका दाऊलाई हामीले एउटा प्रतीकको रूपमा प्रयोग गरेका छौं। चारजना छुट्टाछुट्टै उमेरका पुरूष कलाकार एकजना महिला कलाकारको पछाडि लागेका हुन्छन्। यहीबीचमा भएका विषयवस्तुलाई हामीले चलचित्रमा समेटेका छौं।

**० यो कस्तो चलचित्र हो ?**

– समाजमा हुने घटनाहरू र कुरितीलाई कमेडी शैलीमा प्रस्तुत गर्ने हिसाबले हामीले यो चलचित्र निर्माण गरेका छौं।

**० तपाईंले यो भन्दा पहिले मधेशको राजनीतिलाई आधार मानेर 'संरक्षण' नामको चलचित्र निर्माण गर्नुभएको थियो। अहिले किन कमेडी रोज्नुभयो, तारतम्यता कसरी मिलाउनभयो ?**

– मैले फरक-फरक खालको चलचित्र बनाउँछु भन्ने सोच राखेको छु। त्यसैले पहिलो चलचित्रमा राजनीतिलाई आधार बनाएर फिल्म बनाए। दोस्रो कमेडी भयो तेस्रो रोमान्टिक फिल्म निर्माण गर्ने तयारीमा छु। फरक–फरक विषयवस्तुलाई समेटेर चलचित्र निर्णय गरी दर्शकलाई मनोरञ्जन दिन म कोशिश गर्नेछु।

**० *चौका दाऊ* चलचित्रमा कलाकार छनोट कुन आधारमा गर्नुभएको छ ?**

– कलाकार छनोट शम्मुजित बाँस्कोटा र मैले चयन गरेका छौं। चलचित्रमा राखिएका पात्रहरूलाई सुहाउँदो कलाकार हामीले छानेका छौं।

**० यो चलचित्रबाट तपाईले दिन खोज्नुभएको सन्देश के हो ?**

– कुनै पनि चलचित्रको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो। मनोरञ्जन दिइरहँदा सन्देश पनि दिन्छ फिल्मले। *चौका दाऊ*मा मनोरञ्जनका साथ साथै समाजमा भएका कुरितिबाट समाजलाई कसरी मुक्त बनाउन सकिन्छ भन्ने सन्देश नै यो चलचित्रले दिनेछ।

**० *चौका दाऊ*ले शहरी क्षेत्रको जनजीवनको विषयलाई उठाएको हो ?**

– यो फिल्मको कथावस्तु मुख्यतः काठमाडौं लगायत अन्य ठूला शहरहरू नै हुन्। काठमाडौंमा निर्माण भएका एउटा कोलनी (समाज) को प्रतिनिधि पात्रहरूलाई लिएर रमाइलो कथावस्तु बुनिएको छ।

**० यो चलचित्रलाई सेन्सरले पिजी सर्टिफिकेट दिएको सत्य हो ?**

– पिजी भनेको १६ वर्ष भन्दा कम उमेरका बालबालिकाले अभिभावकसँग गएर चलचित्र हेर्नुपर्ने भन्ने खालको सन्देश दिने सर्टिफिकेट हो। चलचित्रभित्रका दुईचार वटा विषयहरू बच्चाले नबुझ्ने वा गलत किसिमबाट बुझ्न सक्ने हुन्छ भन्ने बुझाइले पिजी सर्टिफिकेट दिने गरिन्छ। यो पूर्ण पारिवारिक, सामाजिक, मनोरनात्मक, हास्यप्रधान फिल्म हो।

**० पछिल्लो समयमा कमेडी चलचित्रले नेपाली बजार ओगटेको हो ?**

– पहिलेको तुलनामा अहिले कमेडी चलचित्रको निर्माण बढेको छ र बजार पनि राम्रै छ। २ घण्टा हलमा गएर रमाइलो गरौं भन्ने दर्शकको इच्छा हुन्छ कमेडी फिल्ममा रमाइलोको पाटो बढी हुन्छ। तर, कथावस्तु राम्रो छ र प्रचारप्रसार राम्रो छ भने जुनसुकै फिल्म चल्छ।

**० तपाईहरू मोफसलमा पनि प्रचारप्रसार गरेर फर्कनु भएको छ प्रतिक्रिया कस्तो पाउनुभयो ?**

– हामी विभिन्न जिल्लामा पुग्यौं। मुख्य शहरहरूमा पत्रकार सम्मेलन गर्‍यौं। हलबालाहरूसँग छलफल गर्‍यौं। ट्रेलर र गीतको प्रतिक्रिया कस्तो छ भनेर बुझ्यौं। आम दर्शकको 'रेपोन्स पोजेटिभ' छ भन्ने हामीले बुझेका छौं। चलचित्र सफल हुन्छ भन्नेमा विश्वस्त छौं।

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

**० सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**

**० आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरूलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाासम्म जरिबाना हुने,**

**० अपराधिक लाभ (एक्टर्सन) लिने (अरूलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपौयाँसम्म जरिबाना हुने ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# प्रदेश ५ को नाम "लुम्बिनी" हुनुपर्छ



## कल्पना पाण्डे

**प्रदेशसभा सदस्य, प्रदेश नं. ५**
**राष्ट्रिय जनता पार्टी नेपाल**

**० प्रदेश ५ सरकारको कामकारबाहीलाई कसरी हेरिरहनुभएको छ ?**
– प्रदेश सरकारको काम कारवाही सन्तोषजनक छैन । किनभने संविधानमा उल्लेख भएको अधिकार संघीय सरकारले अवलम्बन गरेको छैन । जताततै अन्योलता छ । सरकार आफ्नै शैलीमा अगाडि बढेको छ । हामीसँग सरोकार पनि राखेको छैन ।

**० प्रदेश सरकारले जनअपेक्षाअनुसार कतिको काम गर्न सकिरहेको छ त ?**
– सरकार अहिलेसम्म जनअपेक्षाअनुसार कानूनको अभाव र संक्रमणकालको कारण काम गर्न सकेको छैन । हामीले सरकारलाई जनअपेक्षाअनुसार काम गर्न दबाब दिएका छौं । यस समन्धमा संसदमा कुरा उठाएको छु ।

**० जनताले प्रदेश सरकारको कामबाट सन्तुष्टि किन पाउन सकेका छैनन् ?**
– अघि नै भनिसकेको छु । कानुनको अभाव र संविधानमा उल्लेखित अधिकार कार्यान्वयन गर्न संघीय सरकारको भूमिका प्रथम हुन्छ सो बमोजिम काम भएको छैन । त्यसकारण जनताले अनन्तुष्टि व्यक्त गरेका छन् ।

**० प्रदेश ५ को संसद्मा तपाइँ राजपाबाट प्रतिनिधित्व गर्दै हुनुहुन्छ, केकस्ता मुद्दाहरू उठाइरहनुभएको छ ?**
– प्रदेश ५ को संसदमा राजपाको प्रतिनिधि म मात्रै छु । अहिलेसम्म हाम्रो पार्टीले संघीय संसदमा जे आवाज उठाएको छ र जुन एजेण्डा लिएर आन्दोलन गरेको छ । सवै कुरा यो सदनमा मैले उठाएकै छु । जस्तै नागरिकताको सवाल, भाषा, सीमान्तकृत समुदाय, आदिवासी जनजातिको सवाल, किसानका हकहितका कुरा सबै मैले सदनमा उठाएकी छु । अहिले पनि तराई र पहाडको विभेद रहेको छ । मधेशभन्दा अलि फरक तरिकाले प्रस्तुत भएको कारण मैले दबाब दिएको छु, काम मधेशमा बढी चाहियो भनेर ।

**० राजपालाई मधेशकेन्द्रित दल भन्ने गरिन्छ, भनेपछि तपाइँले मधेशका के कस्ता समस्याहरूबारे संसदमा उठाउनुभयो ?**
– पहिलो कुरा राजपा मधेशकेन्द्रित दल होइन, यो भ्रम नरहोस् । राजपा नेपाल यो देशको तेस्रो ठूलो राष्ट्रिय दल हो । हाम्रो पार्टीले हिमाल, पहाड र तराईको समग्र समस्याको उठान गरेको छ । राई, लिम्बु, खुम्बूवान आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित, महिला सीमान्तकृत सबैको हक अधिकारका लागि लड्ने हाम्रो पार्टी हो । यसको म स्वयम् उदाहरण छु ।

**० तपाइँको सल्लाह वा सुझाव यो सरकारले कतिको ग्रहण गरिरहेको छ ?**
–.अहिलेको सरकार खासै हाम्रो कुराको महत्व दिएको छैन । किनभने हामी सरकारमा सहभागी छैनौं । उहाँहरूको पूर्ण बहुमत छ । त्यसमा पनि हामीहरू अन्य प्रतिपक्षसँग सहकार्य गरेर अघि बढेका छौं ।

> राजपा मधेशकेन्द्रित दल होइन, यो भ्रम नरहोस् । राजपा नेपाल यो देशको तेस्रो ठूलो राष्ट्रिय दल हो । हाम्रो पार्टीले हिमाल, पहाड र तराईको समग्र समस्याको उठान गरेको छ ।

**० प्रदेशको नामांकन सम्बन्धमा तपाइँको धारणा के छ ?**
– प्रदेशको नाम लुम्बिनी राख्ने हाम्रो पार्टीको धारणा हो । म स्वयम् त्यस संसदीय समितिमा छु । मेरो भूमिका यसै अनुसार हुन्छ । अरू नाम कल्पना नगर्दा हुन्छ । भगबान गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्वमै परिचित छ । लुम्बिनी नै उपयुक्त हो, अरू हुँदैन ।

**० अहिलेसम्म प्रदेशको नामांकन किन टुंगो लागेको छैन ?**
–.नामाकरण सम्बन्धि छलफल चलेकै छ । छिट्टै टुङ्गोमा पुगिन्छ । अरू प्रदेश जस्तै हाम्रो प्रदेश पनि नामको कुरामा अलमलिएको छ । सम्भवत: छिटो होला आशा गरौं ।

**० राजपाले आगामी बैशाखमा महाधिवेशन गर्ने भनेको छ, प्रदेशमा कस्तो तयारी भइरहेको छ ?**
– देशभरि विस्तारित बैठक भयो । यसमा सम्पूर्ण जिल्लाभरि सदस्यता नवीकरण सम्बन्धित अभियान चलाउने र माघको अन्तिमसम्म स्थानीय तहमा अधिवेशन गरेर फागुन मसान्तसम्म जिल्ला अधिवेशन गर्ने कार्यक्रम छ । ढुक्क हुनुस् हाम्रो अभियान सुरू भइसकेको छ । यसको परिणाम तपाईहरू छिट्टै देख्नु हुनेछ ।

**० राजपाभित्र विवादै विवाद देखिएको छ, यसको प्रभाव प्रदेश ५ मा कतिको परेको छ ?**
– राजपाभित्र कुनै विवाद छैन । जीवन्त पार्टीमा बहस हुनु स्वाभाविक नै हो । प्रदेश नं. ५ मात्र होइन, कहि पनि कुनै पनि किसिमको बाधा अवरोध छैन । ६ वटा पार्टी मिलेर बनेको पार्टी हो राजपा । ६ वटा धारका मान्छे छन् त्यहींभएर अधिवेशन हुन जरूरी छ । अहिले भएको सानातिना कुरा पनि यसले अन्त्य गर्छ, मलाई पूर्ण विश्वास छ । शतप्रतिशत अधिवेशन हुन्छ । त्यसपछि सनामसिना कुरा हराएर जान्छन् ।

**० विवादका बाबजुद राजपाको निर्धारित समयमै महाधिवेशन हुन्छ त ?**
– म भन्न चाहन्छु मधेणवाणिबाट, हाम्रोमा कुनै विवाद छैन । समयमा अधिवेशन हुन्छ । शोसल मिडियालाई अनुरोध गर्न चाहन्छु, तपाइहरू ढुक्क हुनुस् राजपामा कुनै विवाद छैन । निर्धारित समयमा नै अधिवेशन हुन्छ ।

*प्रस्तुती : चन्द्रकान्त खनाल प्रदेश नं. ५, बुटबल ब्युरो*



## कोइराला दिल्लीमा

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइराला नयाँ दिल्ली पुगेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष निम्तोमा कोइराला दिल्ली प्रस्थान गरेका हुन् । मोदीको निम्तो मान्न दिल्ली प्रस्थान गरेका कोइरालाको भारत भ्रमणलाई निकै चासोको रूपमा हेरिएको छ । दिल्लीमा रहँदा कोइरालाले भारतीय सत्तारूढ दल भारतीय जनता पार्टीका शीर्ष नेताहरूसँगपनि भेटवार्ता गर्ने कार्यक्रम छ ।

## सीमा सुरक्षा बलद्वारा संयुक्त गस्ती

काठमाडौं । भारत र नेपालका सीमा सुरक्षा बलले सीमा क्षेत्रमा संयुक्त गस्ती अभियान संचालन गरेका छन् । इलामाको सीमा क्षेत्रमा हुने अपराधलाई संयुक्त गस्ती तथा आपसी तालमेलमार्फत नियन्त्रण गर्नु र लगातार सम्पर्क स्थापित गर्नु भारत र नेपालका सीमा सुरक्षा बलको उद्देश्य रहेको छ । संयुक्त गस्ती अभियानमा भारतका सशस्त्र सीमा बल एसएसबीको ४१ औं बटालियनका जवानहरू तथा नेपालका तर्फबाट नेपाल प्रहरी र सशस्त्र प्रहरी बल एपीएफका जवानहरूले भाग लिएका छन् । भारतीय एसएसबीका अनुसार यस संयुक्त गस्ती अभियान सीमा स्तम्भ १०१ देखि १०२ सम्म चलाइएको छ ।

## मेलामा संघको सहयोग

काठमाडौं । हरेक वर्ष माघेसङ्क्रान्तिमा लाग्ने गङ्गासागर मेलामा आपतमा परेकाहरूलाई सहयोग गर्न संयुक्त नेपाली केन्द्रीय सङ्घ कोलकाताले पनि सहयोग गरेको छ । सङ्घले २९ वर्षदेखि धूर्त, पाकेटमार र ठगहरूबाट सुरक्षा गर्न, आपत्विपत्मा सहयोग गर्न र स्वास्थ्य सेवा पनि उपलब्ध गराइरहेको छ । गङ्गा र सागरको सङ्गममा स्नान गरी कपिलमुनि आश्रममा पूजा गर्ने परम्परा छ । आउट्राम घाट(बाबुघाट)कोलकातामा गङ्गासागर मेला तीर्थयात्री नि:शुल्क स्वास्थ्य शिविर -२०१९ यही पुस २४ देखि आगामी माघ ३ गतेसम्म लाग्ने सङ्घका सभापति नरविक्रम थापाले बताए । सङ्घले नेपाली समुदायमाझ विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक तथा सामाजिक काम गर्दै आएको छ ।

स्थानीय सम्वाद

# सरकारले बजेटमा विभेद गऱ्यो



## शेख जमशैद

**वडाअध्यक्ष**
**गौर नगरपालिका, वडा नं. ६**

विधार्थी जीवनदेखि नै मधेशी जनताको हकहितको संघर्षमा लागि आफ्नो राजनीतिक जीवनको आधी समय खर्चेर अहिले पनि मधेशवादी दलमा रहेर राजनीति गर्दै आएका गौर नगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष एवं गौर नगरपालिकाका प्रवक्ता शेख जमशैद विद्यालयमा पढ्दै गर्दा स्वर्गीय गजेन्द्र नारायण सिंह नेतृत्वको नेपाल सदभावना पार्टीका भातृ संगठन विद्यार्थी मंचको ५ वर्ष जिल्ला अध्यक्षको जिम्मेवारी सम्भालेका थिए । विद्यार्थी संगठनबाट पार्टीको कोषाध्यक्ष, जिल्ला सचिव हुँदै लामो समयसम्म पार्टीको जिल्ला अध्यक्ष भएर काम गर्दै मधेशमा चलेको लामो आन्दोलनमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेतृत्व समेत गरीसकेका र अहिले राष्ट्रिय जनता पार्टी नेपालका संयोजक रहेका निर्वाचित वडाअध्यक्ष शेख जमशैदसँग गौर नगरपालिका र वडाको विकास सम्बन्धी गरिएको कुराकानी:

**० आफ्नो वडाका जनताका लागि के गर्दै हुनुहुन्छ ?**
– वडामा पिछडिएका समुदाय मुस्लिमको बसोबास सबैभन्दा बढिरहेको छ । हिन्दू समुदायको बसोवास पनि रहेकोले दुवै समुदायको विकासका लागि कार्य गर्दै अघि बढिरहेको छु । चालु आर्थिक वर्षको ४० लाख बजेट सीमा रहेकोले सोही अनुसार विकास निर्माणको योजना तयार गरेको छु । हिन्दूहरूका लागि ब्रह्मस्थानको मर्मत, कम्पाउण्ड निर्माण, मुस्लिमहरूको कब्रिस्तानलाई मर्मत, कम्पाउण्ड वाल, पुरानो बाटोको मर्मत, नयाँ बाटो निर्माण, छात्राहरूलाई साइकल वितरण, स्वास्थ्यमा ४० हजार, शहरी स्वास्थ्य केन्द्रका लागि शौचालय निर्माण, बाथरूम निर्माणका लागि ८ लाख बजेट छुट्याइएको छ । हिन्दू, मुस्लिमको शिक्षाका लागि विशेष प्राथमिकता रहेको छ । जनचाहना अनुसार कार्य गरिरहेको छु ।

**० वडालाइ कस्तो बनाउने सोच्नु भएको छ ?**
– वडालाई एउटा नमूना वडाको रूपमा बनाउने सोच लिएका छौं । वड़ामा बाटो घाटोंको राम्रो व्यवस्था, विद्यालयको स्तर सुधार, स्वास्थ्यको सुधार गरी औद्योगिक स्थापना गराउने लक्ष्य रहेको छ । पानी निकास, सिंचाइको सुविधा, विद्युतको आपूर्ति, बेरोजगारी समस्या समाधान गर्ने योजना रहेको छ । आगामी आर्थिक वर्षमा बढी लगानी सामाजिक विकास, आर्थिक उन्नति, सिप विकास, उद्योगको स्थापनामा गर्नेछु । पाँच वर्षमा पूरा गरेर नमूना वडाको रूपमा परिचित गराउने छु ।

**० विकासको कार्य गर्दा के कस्ता समस्या आउँछ ?**
– विकासको कार्य गर्दा राजनीतिक रूपमा समस्याहरू आउने गर्छन् । आफू नगर्ने र अरूले गर्दा विवाद, बाधा, अवरोध पुऱ्याउने मानसिकता बोकेका व्यक्तिको कारण कठिनाईको सामना गरिरहनु परेको छ ।

**० तपाई नगरपालिकाको प्रवक्ता पनि हुनुहुन्छ अहिले नगरपालिकाको कार्य कस्तो छ ?**
– रौतहटमा सबैभन्दा पुरानो नगरपालिकाको रूपमा गौर नगरपालिका रहेको छ । नयाँ संरचनाअनुसार जिल्लामा १८ स्थानीय तह रहेको छ । जसमध्ये अहिलेसम्म ५ स्थानीय तहले दोस्रो नगरसभा गर्न सकेको छैन । गौर नगरपालिकाले चालू आर्थिक वर्षमा ४० प्रतिशत बजेट खर्च गरिसकेको अवस्था रहेको छ । गौर नगरपालिका जनचाहनाअनुसार विभिन्न क्षेत्रमा विकासको यात्रा शुरू गरेको छ । नगरपालिकाको कार्यले नगरवासी सन्तुष्ट छन् ।

**० संघीय सरकारले दिएको बजेट पर्याप्त हो कि अपुग हो ?**
– संघीय सरकारले हामीसँग विभेद गरी बजेटमा पनि कमी गरेको छ । अधिकारमा कटौती गर्दै आएका संघीय सरकारले बजेटमा एकरूपता कायम गर्न सकेको छैन । सदरमुकाममा अवस्थित रहेको नगरपालिकामा अपुग बजेटले कार्य गर्न कठिनाई भैरहेकोले आगामी आर्थिक वर्षमा जनसँख्या तथा भौगोलिक अवस्थालाई मध्यनजर गर्दै बजेट उपलब्ध गराउन म संघीय सरकार तथा प्रदेश सरकारलाई आग्रह गर्दछु ।

**० वडावासीलाई के प्रतिबद्धता दिन चाहनुहुन्छ ?**
– म यस पत्रिका मार्फत नगरवासीलाइ के सन्देश दिन चाहनु छु भने गौर नगरपालिकाका मेयर, उपमेयर, वडाअध्यक्ष लगायत सवै कर्मचारीहरू नगरको विकासका लागि प्रतिवद्ध छन् । सवैको सहकार्य, सहयोग विना विकासको कार्य सम्भव नरहेकोले विकासको कार्यमा काँधमा काँध मिलाएर अघि बढ्नु पर्छ । जनचाहनाअनुसार हामी कार्य गर्छौं भने सहयोगी हातहरू अघि आउनु जरूरी छ । पुरानो नगरपालिका रहेकोले जिल्लाभरि चाप यसै नगरपालिका माथि रहेको छ । बजेट कमी रहेकोले व्यवस्थापन गर्न समस्या रहेको छ । सडकको निर्माण हुँदा जग्गा उपलब्ध गराई दिन हार्दिक अपील गर्दछु ।

विकासको कार्यमा पारदर्शिता हुनुपर्ने मेरो मान्यता रहेको तथा लेखाजोखा जाँचबुझ निगरानी गर्नु जनताको लोकतान्त्रिक अधिकार रहेकोले सजग र सक्रियता देखाउनु पर्छ । विकास अवरोध हुने गरी कार्य नगर्न जनतासँग आग्रह गर्न चाहन्छु । शिक्षा, स्वास्थ्यको विकासलाई प्राथमिकतामा लिएर बढिरहेकोले यस अभियानमा सवैले हाथ बढाउनु पऱ्यो । बेटी बचाऊ, बेटी पढाउ अभियानमा सहयोग गर्नुपर्छ । नगरपालिकाले गौरमा रहेको वित्तीय संस्थाको साथसाथै सर्वसाधारण जनताको सुरक्षाको निमित्त ३० लाखको लगतमा अपराध नियन्त्रण गर्नका लागि सीसी कैमरा जडान गरेर उदाहरणीय कार्य समेत गरेको छ । बनेको बाटोलाई सुरक्षित गर्नु सबैको कर्तव्य रहेको छ । घर आँगन जस्तो बाटो घाटोलाई सफासुग्घर राख्न अनुरोध गर्दछु । पुरानो नगरपालिकाको रूपमा रहेको गौर नगरपालिकालाई पूर्ण बजेट र विशेष प्याकेज उपलब्ध गराउन संघीय सरकार तथा प्रादेशिक सरकारसँग माग गर्दछौं ।

*– प्रस्तुति : राकेश यादव*

# विश्व परिवेश

## जनसंख्या वृद्धि पाकिस्तानको मुख्य समस्या

**मंजूर अहमद**

इस्लामको अपमान गरिने धर्म निन्दा कानून र अन्य कुरो जस्तै बहुसंख्यकको आस्थाका कारण पाकिस्तानमा ढोल पिट्ने वा बजाउनेहरूको जनसंख्या तिव्र गतिले बढ्दै गएको छ । अयूव खानको पालादेखिको विगत पाँच दशकदेखिको कुनै पनि सरकारले जनसंख्या सम्बन्धी नीतिको योजना बनाएको छैन । कुनै राजनीतिज्ञले पनि त्यसबारे बोल्ने गरेको छैन । जबकी संचारमाध्यमहरूले त्यसलाई प्लेग रोगको मुद्धा जस्तै उछाल्दै आएको छ तर पनि त्यस सम्बन्धमा कुनै संगठनद्धारा छलफल समेत गरिएको छैन । समग्रमा भन्ने हो भने त्यो समाज र परिवार समेतका लागि चाँसोको विषय बन्न सकेको छैन । यो एउटा यस्तो मद्दा हो, जस सम्बन्धमा वर्तमान प्रधानमन्त्री इमरान खानदेखि नागरिक एवम् सैनिक नेतृत्व समेतले कहिलेपनि बोल्न चाहेको छैन । जनसंख्या र सुरक्षालाई सामान्यतया दुई भिन्न मुद्दाहरूको रूपमा लिने गरिए पनि अहिले त्यसबारे बढ्दै गएको सम्बन्ध स्पष्ट हुन आएको छ । 'पपुलेशन एक्सन इन्टरनेशनल' द्धारा संचालित एक अध्ययनले सन् १९७० देखि केटाकेटीहरूको बडो तेजी साथ बढ्दै गएको जनसंख्याले गर्दा विश्वमा झण्डैले ८० प्रतिशत नागरिकहरू बीच संघर्ष र द्धन्द संचालित भएको तथ्यांक सार्वजनिक गरेको छ । पाकिस्तान त्यसको ज्वलन्त उदाहरण हो । किनकि हजारौ मानिस उग्रवादी र अतिवादी हिंसाका कारण मारिएका छन् र त्यसैले गर्दा पाकिस्तान विश्वको सवभन्दा उग्र र आतंकी देशहरूमध्ये एक देशका रूपमा गनिन थालेको छ । बम विष्फोट गतिविधिले पाकिस्तानको जनसंख्या र भविष्यलाई भयावह बनाउने सम्बन्धमा कम शंका भए पनि बेरोजगार युवाहरूलाई जिहादीको रूपमा प्रशिक्षित गरेपछि तिनीहरूले हत्या र विध्वंशको वातावरण तयार पारेपछि पाकिस्तानका छिमेकीहरूले सबभन्दा बढी नोक्सानी खप्नु पर्नेछ ।

पकिस्तान एउटा यस्तो देश हो जहाँ टाउको सम्मको गिन्ती गर्नु एक समस्या हो । सन् १८६१ को ब्रिटिश कालदेखि जनसंख्याको तथ्यांक वा जनगणना भएको छैन । सन् १९९१ मा स्थगित गरिएको जनगणना १९९८ मा मात्र सम्पन्न गरिएको थियो । सर्वोच्च अदालतको निर्देशन पश्चात् सैनिक सुरक्षा व्यवस्थाको मातहतमा सन् २०१६ मा एउटा अनुमानित गिन्ती गर्ने वेलामा थुप्रै गणकहरूलाई उग्रवादीहरूले गोली हानेर हत्या गरेका थिए । 'विकी पिडिया' अनुसार पाक अधिनस्त कस्मीर र गिल्गिट बाल्टीस्तान स्वशासित क्षेत्र अतिरिक्त पाकिस्तानको सबभन्दा पछिल्लो अनुमानित जनसंख्या २०,७७,७४,५२० रहेको छ । त्यसले गर्दा पाकिस्तान इन्डोनेशिया भएको देशमा गनिएको छ । पाक अधिनस्थ कस्मिरको जनसंख्या २११.८१९ मिलियन रहेको छ भने गिल्गिट बाल्टीस्तान क्षेत्रको १.८ मिलियन रहेको छ ।

जनसंख्या परिषद्को अनुमान अनुसार पाकिस्तानमा प्रतिवर्ष गर्भनिरोधक सामाग्रीको प्रयोग तथा आधुनिक उच्च प्रविधिको प्रयोग नगर्नाले ४ मिलियन गर्भवती हुने गरेको तथ्यांक रहेको छ । अन्य कारणहरूमध्ये प्रविधि प्रयोग गर्दा प्रतिकुल प्रभाव पर्ने, लोग्नेको अस्वीकृति र सामाजिक मान्यता प्रतिको बेवास्ता समेत महत्वपूर्ण अवरोधक तत्वका रूपमा रहेका छन् । हुनत दक्षिण एसियामा जनसंख्याको मुद्धा गम्भिर रहेको छ । पाकिस्तानको वृद्धिदर २.२ रहेको छ भने भारतको १.९ प्रतिशत र वंगलादेशको १.४ प्रतिशत रहेको छ । हुन त भारत विश्वको दोस्रो बढी जनसंख्या भएको देश भएपनि




पाकिस्तानको वृद्धिदर सबभन्दा चच्च रहेको छ । सन् १९४७ मा विभाजन हुँदा पाकिस्ताको जनसंख्या ३२ मिलियन रहेकोमा त्यो संख्या अहिले २२० मिलियन पुगिसकेको छ । बंगलादेश र पाकिस्तानको जनसंख्याको तुलना गर्नु उपयुक्त हुनेछ । न्यूर्योकका जनसंख्या परिषद्का प्रख्यात विद्धान जोन बोंगार्ट्स अनुसार सन् १९८० मा बंगलादेश र पाकिस्तानको जनसंख्या उस्तै रहेपनि बंगलादेशले परिवार नियोजन कार्यक्रम संम्बन्धी विश्वको सबभन्दा प्रभावकारी पद्धति अपनाएको कारण दुबै देशबीचको आश्चर्यजनक अवस्था यसैबाट स्पष्ट हुन आउँछ कि सन् २१०० सम्ममा पाकिस्तानको जनसंख्या बंगलादेशको भन्दा १७८ मिलियन बढी हुने आँकलन गरिएको छ ।

अयूव खान पछिको ५० वर्षको पाकिस्तानको अवस्थालाई हेर्दा बढ्दै गएको जनसंख्याले गर्दा औद्योगिक क्षेत्रको अवस्था ज्यादै नराम्रो हुन पुगेको छ भने जल संसाधनको अव्यवस्थाका कारण पानीको कमीले गर्दा कृषि संकट ग्रस्त बन्दै उत्पादन स्तर खँस्कदै गएको छ । हुन त धनि देशहरू पनि जनसंख्याको तिव्र वृद्धि समस्यासँग जुझ्दै आएका छन् तर के पाकिस्तानले शासन प्रकियामा सुधार ल्याउन नसकेको कारण आफ्नो देशको जनतालाई खाद्यान्न, कपडा, घर समेत त उपलब्ध बनाउन सकेको छैन भने तिनीहरूलाई शिक्षा दिने कुरा त झन उसको काबु र सामर्थ्य बाहिरको कुरा बन्न गएको छ ।

अयूब खान जनसंख्यालाई गम्भीरतापूर्वक लिएर परिवार नियोजन कार्यक्रम संचालन गर्ने अन्तिम नेता थिए । उनी पछिका सबै नेताहरूले समस्यालाई अरू माथि दोष थुपार्दै झन् जटिल बनाउँदै आएका छन् आफू पछि आउने शासकले समाधान गर्ने मानसिकता राख्दै समस्यालाई झन् संवेदनशील र विस्फोटक स्वरूपको बनाउँदै आएका कारण आजको विषयवस्तु विस्फोटक बन्न पुगेको छ । हुन त केही मुस्लिम शिक्षित धर्मावलम्वीहरूले समय समयमा त्यसबारेमा आवाज पनि उठाएका छन् तर इस्लाम धर्ममा जन्म नियन्त्रण नगर्ने मान्यताका कारण त्यसमाथि ध्यान दिइएको छैन भने त्यसलाई सत्तासीन वर्गको राजनीतिक चाहनाको रूपमा लिइएको छ र त्यसलाई अझसम्म सामाजिक विसंगति मानिदै आएको छ । विगतमा संचार माध्यमका विभिन्न निकायहरू बढी जनसंख्याको बारेमा छलफल गरे, त्यस सम्बन्धमा गोष्ठीहरू आयोजना गरिए र गैर सरकारी संस्थाहरूले कम बच्चा पैदा गर्न केही दम्पत्तिहरूलाई प्रेरित गर्ने कार्य समेत गरे तर जियाउल हकको इस्लामिकरण योजनाले त्यसलाई जोर तोडका साथ सशक्तिकरण गरेको कारण ती सबै मध्यकालीन सोचका कारण निष्फल हुन पुगे । यसका अतिरिक्त मस्जिदहरूमा धर्मावलम्वीहरू र गल्लीहरूमा उग्रवादीहरूको वर्चश्वका कारण कुनै परिर्वतन हुन सकेको छैन । जनसंख्या सम्बन्धित छलफललाई मुस्लिम जन्म नियन्त्रण गर्न "पश्चिमी षड्यन्त्र"का रूपमा लिने गरिएको छ ।

'डान'समाचारपत्रमा प्रकाशित एक प्रतिवेदन अनुसार पाकिस्तानले बजारमा प्रत्येक वर्ष प्रवेश गर्ने युवाहरूलाई समाहित गर्न दुई मिलियन जतिलाई काम दिने वातावरण निमार्ण गर्नु पर्दछ । अहिले पन्ध्र देखि २४ वर्ष सम्मका चार मिलियन युवाहरू बेरोजगार रहेका छन् । र सन् २०२० सम्म त्यसको संख्या ८.६ मिलियन सम्म पुग्ने अपेक्षा गरिएको छ । यो झण्डैले आश्चर्यजन नै छ । जो इमरान खानले निर्वाचन अभियानको क्रममा पाँच वर्ष भित्र १० मिलियन युवाहरूलाई रोजगारी दिने वाचा गरेका थिए, जसबाट थुप्रै मतदाताहरू आक्रोशित भएका थिए । अल्पशिक्षित र बेरोजगार युवाहरूको अवस्था कस्तो छ कि रोजगारी नपाएका युवाहरू अपराधिक गतिविधिमा, अन्य लागु पदार्थको कारोवारमा र केही जिहादी गतिविधिमा लाग्ने गरेको कारण तिनीहरू भारतको जम्मु र काश्मिर, अफगानिस्तान र इस्लामिक स्टेटवाट द्धारा नियुक्त गरिएका इराक जस्तै थुप्रै देशहरूमा रहेको बाट स्पष्ट हुन आएको छ । सन् २००८ मा मुम्वईमाथि आक्रमण गर्न १० युवाहरू त्यसै प्रणालीका उत्पादन वा विप्लवीहरू थिए । पाकिस्तानी अर्थव्यवस्थाले युवाहरूका लागि रोजगार दिन सकेको छैन । लगानी गर्ने वातावरण, सरकारी नियुक्तिमा कमिको प्रक्रियाले औपचारिक रोजगारीको द्धर बन्द गरिदिएको छ । त्यसले गर्दा हजारौं पाकिस्तानीहरू धेरै जसो अवैधानिक र गैरकानूनी रूपमा अमेरिका, क्यानडा, यूरोप, मध्य देखि दक्षिण एशिया तथा अष्ट्रेलियामा बिवश भएर स्थानान्तरित हुने गरेका छन् ।

पाकिस्तानको अवस्था अन्य दक्षिण एशियाई देशहरूभन्दा भिन्न रहनुको कारण पुरूष प्रधान वर्चश्वको सामाजिक निरन्तरताको विधमानता हो । मानिसले पारिवारिक आधारमाथि ध्यान दिन्छ जसले सही अर्थमा काम गर्नेहरूलाई काम गर्ने अवसर प्रदान गर्छ । पाकिस्तानीहरू खरायो जस्तै आईमाईहरूलाई पाल्छन् । जसले गर्दा बच्चाहरूको संख्या नियन्त्रण हुँदैन, जस्तो बंगलादेश र त्यस क्षेत्रका अन्य देशहरूमा कतै छैन र त्यहि कारण हो कि अधिकांश पाकिस्तानी बच्चाहरू अस्वस्थ र अशिक्षित रहने गरेको देखिनु आश्चर्यको कुरो मान्न सकिन्छ । इरफान हुसैनले 'डान' समाचारपत्र मार्फत आफ्नो निराशावादिता यस प्रकार व्यक्त गरेका छन् । "अल्पसंख्यक महत्वहीन धार्मिक दलहरूलाई राजनीतिक शक्ति प्रदान गरिएको छ, त्यसैले यो संकास्पद नै छ कि इमरान खान जस्तो राजनीतिज्ञ जो धार्मिक अधिकारप्रति सहानुभूति राख्ने भएपनि प्रचलित प्रवाह र परम्परा विपरीत गएर सही अर्थमा जनसंख्या वृद्धि कार्यक्रमलाई सीमित गर्ने प्रकारका कार्यक्रम संचालन गर्न सक्षम हुन सक्नेछन् ।"

यदि सबै मुल्लाहरूलाई केटाकेटीहरूलाई कसरी शिक्षित बनाउने, घरभित्र राखेर ख्वाउने भन्ने सोधिए पछि तिनीहरूले पूर्ववत यो उत्तर दियर -"अल्लाहले प्रदान गर्नेछन् ।" छलफल समाप्त गर्नेछन् । पाकिस्तानको निरन्तर बढ्दै गएको जनसंख्या विश्वसँगै खासगरीकन उसका छिमेकीहरूका लागि गम्भिर खतरा हो, भन्ने तथ्यलाई अस्वीकार गर्न सकिदैन । *– एजेन्सीको सहयोगमा*

## स्वतन्त्र राजनीतिक समूहको विस्तार तीव्र

कपिलवस्तु । हृदयेश त्रिपाठी नेतृत्वको स्वतन्त्र राजनीतिक समूहले आफ्नो संगठन विस्तार कार्यलाई तीव्रता दिएको छ । कपिलवस्तुमा विभिन्न ईकाइ समितिहरू गठन भइरहेको छ । देशमा विद्यमान विभेद, शोषण, दमन र उत्पीडनको अन्त्य, सार्थक संघीयताको कार्यान्वयन, संविधानमा आवश्यक संशोधन, समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका हरेक अंगमा पहुँच, नागरिकता समस्या समाधान गर्न, देशको मुख्य मेरूदण्डको रूपमा रहेका किसानको समस्या समाधान गर्ने, आर्थिक-सामाजिक विभेदलाई समाप्त पार्ने लगायतका विषयमा केन्द्रित रहि यी समस्याहरू समाधान गर्नेतर्फ स्वतन्त्र राजनीतिक समूह प्रतिबद्ध रहने जनाइएको छ । कपिलवस्तुको कृष्णानगर नगरपालिका वडा नं ६ मा धर्मेन्द्र कुमार शुक्ल (वीरू), इलियास मनिहार, श्याम सुंदर मिश्र (गुडालु) र मंगल यादव रहने गरि स्वतन्त्र राजनीतिक समूहको चार सदस्यको वडा स्तरीय इकाई समिति गठन गरिएको छ ।

## कांग्रेस र नेकपाका नेता कार्यकर्ता राजपामा प्रवेश

बारा । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका दर्जनौं नेता कार्यकार्ता राष्ट्रिय जनता पार्टी नेपालमा प्रवेश गरेका छन् । मंगलबार बारा परवानिपुर गा. पा. वार्ड न. ४ चैनपुरमा राजपा नेपालले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा ती नेता कार्यकर्ताहरू राजपामा प्रवेश गरेका छन् ।

प्रदेश २ को राजपा नेपाल संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले नवप्रवेशीहरूलाई फुलमाला तथा अबिर लगाई स्वागत गरेका छन् । कांग्रेसबाट परवानिपुर गाउँपालिका नेता राजदेव प्रसाद पटेल, नेकपाबाट सत्रुधन पटेलको नेतृत्वमा दर्जनौं नेता कार्यकर्ता राजपा प्रवेश गरेका छन् ।

उक्त कार्यक्रममा राजपाका श्रेत्रीय नेता सीताराम गुप्ता, परवानिपुर गापा मेयर हरिनारायण साह, मुक्ति पटेल, सन्जु साह, मोहन पटेल, उदेश पटेल लगायत नेताहरूको सहभागिता रहेको थियो । कार्यक्रम संचालन सन्त कुमार यादवले गरेका थिए ।

पशु सेवा विभाग

**राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

**हरिहरभवन, ललितपुरको अनुरोध**

निर्वाहमूखि पशुपालन पद्धतिलाई सुदृढीकरण गरी व्यावसायिक पशुपालन गरौं, परिणात्मक र गुणात्मक रूपमा दुध, मासु र अण्डा उत्पादन गरी देशलाई पशुजन्य पदार्थको उत्पादन र उपलब्धतामा आत्मनिर्भर बनाउन निम्न कार्यहरू गरौं ।

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादकत्व एवं उत्पादन बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- पशुहरूको वजन अनुसारको आहारा र उत्पादन अनुसारको पोषणतत्व खुवाउने व्यवस्था गरौं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good manufacturing practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपन्मुख पशुपन्छीको संरक्षण, संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशुवस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्ना पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं, तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

**विस्तृत जानकारीका लागि**

सम्पर्क :

फोन: ०१-५५२२०३१

इमेल -info@nlrmpo.gov.np

Website: www.nlrmpo.gov.np

## कर्मचारीहरूलाई कारागार सजाय

बाँके । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षामा अनियमितता गर्ने यातायात व्यवस्था कार्यालय भेरीका प्रमुखसहित ११ कर्मचारीलाई तीन महीनाको कारागार सजाय तोकिएको छ । विशेष अदालतका न्यायाधीश बाबुराम रेग्मी, द्वारिकामान जोशी र रत्नबहादुर बागचन्दको संयुक्त इजलासले भ्रष्टाचार गरेको ठहर गर्दै उनीहरूलाई तीन महीनाको कारागार सजाय तोकिएको हो । कार्यालय प्रमुख पवन सुवेदी र अधिकृत सीताराम खनाललाई जनही रू आठ हजार जरिवानासहित तीन महीना कारागार सजाय तोकिएको छ । त्यस्तै, कार्यालयका अधिकृत डेकराज पोखरेल, नायब सुब्बा डिलाराम खरेल, सतानन्द उपाध्याय, हुतराज पौडेल, अरूणकुमार गौतम, केशवराज डाँगी, गणेशमान आचार्य, ललितबहादुर वली र दीपेन्द्रबहादुर सिंहलाई जनही रू पाँच हजार जरिवानासहित तीन महीना कारागार सजायको फैसला भएको विशेष अदालतले जनाएको छ ।

## कबड्डी प्रतियोगिता हुने

विराटनगर । मोरङको बूढीगङ्गा गाउँपालिकामा अन्तर्राष्ट्रिय महिला कबड्डी प्रतियोगिता हुने भएको छ । जिल्ला कबड्डी सङ्घको सहयोगमा यही पुस २७ देखि २९ गतेसम्म प्रतियोगिता हुने भएको छ । सङ्घका अध्यक्ष भुवनेश्वर मण्डलले सञ्चारकर्मीसँग कुरा गर्दै प्रदेश नं १ मा पहिलो पटक हुन लागेको उक्त प्रतियोगितामा भारत, बङ्गलादेश, श्रीलङ्का र नेपालबाट नेपाल आर्मी तथा नेपाली कबड्डी राष्ट्रिय टोलीसहित पाँच टोलीको सहभागिता रहने बताए ।

# जिल्ला समाचार

## प्रदेश २ मा पहिलोपटक आइटी मेला हुँदै

वीरगंज । प्रदेश २ लाई आइटी हब बनाउन कम्प्युटर एसोसिएसन अफ नेपाल महासंघ ( क्यान) पर्साले वीरगन्जमा आइटी मेलाको आयोजना गर्दैछ । क्यानले पुस २७ गतेदेखि ३० गतेसम्म चारदिने 'सुबिसु क्यान इन्फोटेक मेला २०७५' आयोजना गर्न लागेको जानकारी गराएको छ । क्यानका जिल्ला अध्यक्ष आलोक चौरसियाले आइटी भनेको हरेक व्यक्तिसँग दिनदिनै जोडिनुपर्ने साधन भएकाले प्रदेश २ लाई नेपालकै आइटी हब बनाउने संकल्प लिएर अगाडि बढेको बताए । उनले आइटी क्षेत्रमा प्रदेश २ लाई आत्मनिर्भर बनाउने अभियानमा जुट्न सबैलाई आग्रहसमेत गरे । करिब ५० लाखको लागतमा वीरगन्जको नगर गृहसभामा आयोजना हुने मेलाको सम्पूर्ण तयारी भइसकेको अध्यक्ष चौरसियाले जानकारी दिए ।

## शिल्पी महासंघको समिति गठन

कपिलवस्तु । "दलित हैन शिल्पी भनौं, शोषित हैन शासक बनौं" भन्ने नाराका साथमा कपिलवस्तुको सदरमुकाम तौलिहवा नगरपालिका हलमा संघीय समाजवादी शिल्पी महासंघको तदर्थ समिति गठन भएको छ । संघीय समाजवादी फोरम नेपालका भातृ संगठन शिल्पी महासंघका अध्यक्ष रामरेखा बरूण, उपाध्यक्ष राम प्रसाद पासवान, सचिव जगनारायण कोरी र कोषाध्यक्ष बिन्द्रावती हरिजनसहित ३१ सदस्यीय तदर्थ समिति सर्वसम्मतिबाट चयन भएको छ । कार्यक्रमको अध्यक्षता फोरम नेपालका कपिलवस्तु जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादवले गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय राजनीतिक समिति सदस्य तथा संसदीय दलका नेता एवम प्रदेश नं. ५ का प्रदेश सांसद सहस राम यादव, विशिष्ठ अतिथिमा प्रदेश नं. ५ का सहइन्चार्ज नबिन सुनुवारलगायत उपस्थित थिए ।

## लैंगिक हिंसा नियन्त्रण सञ्जाल गठन

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ८ स्थित प्रहरी चौकी लक्ष्मीपुर बेलविच्छवाको परिसरमा आयोजित भेलाबाट लैंगिक हिंसा नियन्त्रण गर्नका लागि नगरपालिका स्तरीय लैंगिक हिंसा नियन्त्रण संजाल समितिको गठन गरिएको छ । महिलाप्रति हुँदै गएको विभिन्न किसिमका हिंसालाई नियन्त्रण गर्न पीडितको न्याय दिलाउने कार्यमा सहयोग पुर्याई सचेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारका गृह मंत्रालयअन्तर्गत प्रहरी प्रधान कार्यलयले जारी गरेको लैंगिक हिंसा नियन्त्रण संजाल समिति गठन तथा कार्यविधि २०७५ अनुसार उक्त समितिको गठन गरिएको हो । समितिले नगरपालिका स्तरमा भएको महिला तथा बालबालिका प्रतिको हिंसालाई निगरानी गर्दै पीड़कलाइ क़ानूनी दायरामा ल्याउने कार्यमा प्रहरीलाई सहयोग गरिने छन् । जिल्लास्तरीय संजाल गठन भएपछि स्थानीय तहमा संजाल गठन गर्ने कार्य अगाडी बढ़ाइएको प्रहरी चौकीका इंचार्ज प्रहरी सहायक निरीक्षक उमेश पाण्डेयले बताएका छन् ।

## तिलौराकोटमा उत्खनन् सुरू

मणि प्रसाद गैह्रे, कपिलवस्तु । तिलौराकोटमा यस वर्ष पनि उत्खनन्को कार्य सुरू गरिएको छ । यस पटक उत्खनन् गर्दा निकै सुक्ष्म तरिकाले अध्ययन अन्वेषण गरिने बताइएको छ । बेलायतको दुर्हम बिश्व बिद्यालय, पुरातत्व बिभाग र लुम्बिनी बिकास कोषका बिज्ञ तथा पुरातत्वबिद्को टोलीले सोमबारदेखि विधिवतरूपमा उत्खनन्को कार्य सुरू गरेका हुन् । अत्याधुनिक प्रविधिका उपकरण प्रयोग गरेर पुरातात्विक मूल्य मान्यता अनुसार उत्खनन् थालिएको हो । टोलीले तिलौराकोट प्रवेश गर्दा साथै प्राचीन शहरको झझल्को दिने गरि उत्खनन् गर्ने बताएको छ । उत्खननमा जापानिज फण्ड ईन ट्रस्ट,युनेस्को र जापानिज नागरिक कसाईको सहयोग रहेको छ । बुद्धका पिता राजा शुद्धोदनको राजदरबार तिलौराकोटमा टोलीले सरोकारकावला बिच राखेको अन्तरक्रिया कार्यक्रममा बिभागका प्रमुख पुरातत्व अधिकृत राम बहादुर कुवरले जानकारी दिए यस पटक पनि बैज्ञानिक तरिकाले उत्खनन, अन्वेषण, भूभौतिक सर्वे, ड्रोन फोटोग्राफी फिल्ड बाकिङ सोसोईकनोमिक सर्वे भिजिटर सर्वे गरी अध्ययन अनुसंधान गरिने उनले जनाए ।

## हिन्दू राष्ट्र सहितको माग गर्दै ज्ञापन

वीरगन्ज । राम राज्य परिषद् पर्सा जिल्ला कार्य समितिले जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराई समक्ष हिन्दु राष्ट्रसहितको माग गर्दै ज्ञापनपत्र बुझाएको छ । ज्ञापन पत्रमा नेपालमा भइरहेको विभिन्न विकृत्ति, विसंगति, पैसामुखि, बिकाउ प्रवृत्तिहरूलाई अन्त्य गर्नका लागि राष्ट्रभरि नै राम राज्य परिषद्ले बिना विभेद जातपातको भेदभाव नगरी यो संस्थालाई मुलुकको हरेक सहरमा कायम गरिएको छ । केन्द्रीय अध्यक्ष जगत बहादुर थापा, केन्द्रीय सदस्य सचिव राजेन्द्र प्रसाद सिंह, राष्ट्रिय समर्धन समिति प्रभारी शेखर शर्मा पौडेल र जिल्लाधिष आत्माराम अर्यालको उपस्थिति रहेको थियो ।

## सांस्कृतिक महोत्सव शुरू

नेपालगञ्ज । एजि सर्भिस प्रालिको आयोजनामा हुन गईरहेको नेपालगन्ज कृषि ,पर्यटन तथा वृहत सांस्कृतिक महोत्सव बिहिबारबाट शुरू हुने भएको छ । कृषि भूमि तथा सहकारी राज्यमन्त्री रामकुमारी चौधरीले महोत्सवको उदघाट्न गर्नेछिन् । माघ ८ गतेसम्म सन्चालन हुने उक्त नेपालगन्ज कृषि पर्यटन व्यापार तथा बृहत सांस्कृतिक महोत्सव २०७५ को तयारी पूरा भएको आयोजकले जनाएको छ । नेपालगन्जको कारकाँदो चोक स्थित राधाकृष्ण मन्दिर नजिकैको प्राङगणमा लाग्न गईरहेको उक्त महोत्सवलाई आकर्षक बनाउनको लागि हेलिकप्टर उडानको समेत व्यवस्था गरिएको र हेलिकप्टर उडानको लागि जिल्ला प्रशासन कार्यलयले समेत स्वीकृत दिसकेको आयोजकका अध्यक्ष नन्द बुढाले जानकारी दिए ।

## अनुशिक्षण कार्यक्रम सम्पन्न

धनुषा । जिल्ला प्रशासन कार्यालय धनुषाको अधिकृत सङ्कम हलमा जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा आयोजियत समुदाय(प्रहरी साझेदारी सम्बन्धमा अनुशिक्षण कार्यक्रम मंगलबार सम्पन्न भएको छ । कार्यक्रममा नेपाल प्रहरीका केन्द्रीर्य प्रवक्ता।सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक उत्तमराज सुवेदीले सो अवधारणाबारे प्रकाश पार्दै कार्यक्रम अन्तर्गत हालसम्म भएका विविध गतिविधिबारे जानकारी दिए । साथै उनले विद्यालय सम्पर्क कार्यक्रम, साइबर सुरक्षा, लागूऔषध नियन्त्रण लगायतका विषयमा अनुशिक्षण प्रदान गरेका थिए । उक्त अवसरमा प्रहरी उपरीक्षक सबिन प्रधानले समुदाय(प्रहरी साझेदारी कार्यक्रमको हालसम्मको प्रगति विवरण प्रस्तुत गर्नुको साथै साझेदारीका विषयवस्तुबारे प्रस्तुतीकरण गरे । साथै प्रहरी निरीक्षक मनोज लामाले साइबर सुरक्षा सम्बन्धि प्रस्तुतीकरण गरेका थिए ।

## जडिबुटी ब्यावसायी संघको साधारणसभा हुँदै

नेपालगञ्ज । नेपाल जडिबुटी ब्यावसायी संघ (जवान)को आगामी पौष २८ र २९ गते साधारण सभा हुने तय भएको छ । संघको विधानअनुसार नयाँ कार्यकालका लागि पदाधिकारी चयन हुने साधारण सभा विशेष महत्वको रहेको छ । संघको आगामी कार्यकालको नेतृत्व लिनका लागि बर्तमान कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव र सल्लाहकार आ-आफ्नो दाबीसहित संघका सदस्यहरूबीचमा पुग्न सुरू गरेका छन् ।

## अंग्रेजी र नेपाली विषय थप

मणि प्रसाद गैह्रे, कपिलवस्तु । सामुदायबाट संचालित कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवामा यस वर्षदेखि स्नाकोत्तर तहमा शिक्षासास्त्र संकाय तर्फ नेपाली र अँग्रेजी विषयको पठनपाठनको लागी स्वीकृत पाएको छ । त्रिभुवन विश्वविद्यालयले क्याम्पसले दिएको आवेदनको आधारमा उक्त विषयका लागि अनुमति दिएको हो । यसअघि क्याम्पसमा स्वास्थ्य शिक्षा र शैक्षणिक योजना तथा व्यवस्थापन र व्यवस्थापन संकायबाट पनि स्नाकोत्तरको कक्षा संचालन गरिरहेको छ । विद्यार्थीको मागका आधारमा नेपाली र अग्रेजी विषयका लागि अनुमति माग गरिएकोमा यस वर्षबाट उक्त विषयहरू अध्यापन गराउनका लागि त्रिभुवन विश्वविद्यालयबाट अनुमति मिलेको क्याम्पस प्रमुख नवराज तिवारीले बताए ।

## गुट्खा खाँदा एकको मृत्यु

विराटनगर । गुट्खा खाँदा घाँटीमा अड्किएर एक युवकको ज्यान गएको छ । मोरङको सुन्दर हरैंचा नगरपालिका-३ गछीयामा गुट्खा खाँदा घाँटीमा अड्किएर सोही स्थानका ३५ वर्षीय शर्मानन्द तिम्सिनाको मृत्यु भएको हो । सोमबार राति गुट्खा खाँदा घाँटीमा अड्किएपछि बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका धरानमा उपचारको क्रममा मृत्यु भएको छ । यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पाटे बाघको छालासहित प्रकाउ

बाँके । कोहलपुर नगरपालिका-११ बसपार्कबाट पाटे बाघको छाला १ थान र हड्डी सहित २ जनालाई सोमबार दिउसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा दैलेख गुँरास गाउँपालिका-२ बस्ने ३६ वर्षीय कमलबहादुर खत्री र कञ्चनपुर पुनर्बास गाउँपालिका-४ बस्ने २० वर्षीय हरि ढकाल रहेका छन् । यस सम्बन्धमा प्रहरीले थपअनुसन्धान गरिरहेको छ ।


उपप्रम उपेन्द्रको पार्टीले सरकारप्रति असन्तुष्टीको १२ बुँदे ज्ञापन बुझाएको छ। कुनै बेला बिजय गच्छदार उपप्रम र गृहमन्त्री समक्ष पश्चिममा थारू आन्दोलनकारी उपर प्रहरी दमन हुदाँ उनको पार्टीले उनैलाई ज्ञापनपत्र बुझाएको याद दिलायो। समय ? **जेपी गुप्ता**


प्रदेश २ आफ्नो मूल रूपमा प्रयोग भूमि हो, संघर्ष भूमि हो। मेरो विश्वास छ कि प्रदेश २ को ध्येय अरू प्रदेशहरूबाट केही फरक छ। ऊ सँग अरू प्रदेशका लागि संघीयता सन्दर्भमा सार्थक सन्देश हुनुपर्दछ। **चन्द्रकिशोर**


डिजेल र पेट्रोलको भाउ घट्ने कुरा सुनिँदै छ। पेट्रोल पम्पमा भाउ नघटाउँ। घटाउनु पर्ने मुल्यलाई पूर्वाधार करमा बदलौं। लगानीका लागि अरबौंको कोष सृजना हुन्छ। तेलको भाउ घटेको यो बेला महँगीमा चाप नपर्ने गरी इन्धन कर लगाउने अवसर हो। **सूर्य राज आचार्य**


एनसेलको २१ अर्ब खाए उपेन्द्र महतोले र राजस्वको ३३ अर्ब डकारे चुडामणी शर्माले भन्ने कसलाई के भो र ? अहिलेको वाइड वडीको जाबो ६ अर्बको भ्रष्टाचारमा कसलाई के हुने हो ? सबै सेटिंग मिलाएर भएको वयान कंस्साकारले दिइ नै सकेका छन्। **कौशल कुमार सिंह**


गोविन्द केसीजी सत्याग्रही होइनन। सहमत। तर, कम्युनिष्ट साथीहरू सामाजिक, सञ्चार, बौद्धिक र व्यवसायी जगतका भएभरका सबैलाइ काँग्रेसी देख्ने दोषी चश्मा उतारेर काम र कर्तव्य गर्दै गए राम्रो हुनेथ्यो। बालुवाटारमा दल्लाहरू दुला ढुकेर र दुहुना पहुना पालेर केपी कमरेडलाइ असफल बनाउने खेल धेरै भो। बन्द गर्नुस्। **चन्दन कौशिक**


पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरण नहुँदो हो त नेपाल र नेपालीको अस्तित्व के हुन्थ्यो,यसै भन्न सकिदैन। हिमाल,पहाड मात्र नभई तराई क्षेत्रको समेत अस्तित्व उहाँबाटै भएको हो। मैथिली भाषामै समेत लालमोहर दिएर सबैको कला,संस्कृतिको रक्षा गरी वास्तविक अर्थमा सबैजातको फूलबारी बनाउने देन उहाँको हो। **जिवन श्रेष्ठ**


सर्बधर्म समभावको बैचारिक धारणा बोकेको (राप्रपा) आन्तरिक बिद्रोह र ब्यक्तिगत समस्यालाई पार्टीसग जोडेर सँकुचित घेराभित्र कुन्ठित हुन नेतृत्व वर्गलाइ शोभनिय हुदैन विवादमा अल्झिरहदा राज्यलाइ बिकाश र निकाश दिन सकिन्न तत्काल पार्टी एकीकरणगर्न देश जनता कार्यकर्ता र समयको माग हो। **विन्दा गिरी**

# विश्व हिन्दी दिवस मनाइयो



*संगीत प्रस्तुत गर्दै गुरूदेव कामत र गोपाल ठाकुर।*



*पुस्तक लोकार्पण गर्दै राजदूत र मन्त्रीलगायत।*

काठमाडौं। भारतीय राजदूतावास काठमाडौंले विश्व हिन्दी दिवस मनाएको छ। त्रिभुवन विश्वविद्यालय काठमाडौंअन्तर्गतको हिंदी केन्द्रीय विभागको सहकार्यमा बिहीबार नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा होटल हयातमा विश्व हिन्दी दिवस मनाइएको छ। उक्त अवसरमा नेपालका लागि भारतका राजदूत मंजीवसिंह पुरीले विश्व हिन्दी दिवसको अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको संदेश पढेर सुनाएका थिए। उक्त अवसरमा गोपाल ठाकुर तथा गुरूदेव कामतद्वारा हिन्दीका प्रख्यात कविका कार्यहरूको साङ्गीतिक प्रस्तुति गरिएको थियो। यसैगरी गायिका सरस्वती खत्रीद्वारा पनि साङ्गीतिक काव्य प्रस्तुति भएको थियो। उक्त अवसरमा केन्द्रीय हिन्दी विभाग, त्रिभुवन विश्वविद्यालयको वेबसाइटको लोकार्पण पनि भएको छ। कार्यक्रममा प्रमुख अतिथि तथा राजदूत पुरीद्वारा नेपालका आदिकवि भानुभक्त आचार्यका कविताहरूको हिन्दी अनुवादसहित २ बटा हिंदी पुस्तकहरूको लोकार्पण भएको छ। साथै स्व. अटल बिहारी वाजपेयीका ५१ वटा कविताहरूको नेपालीमा अनुवाद गरेका लेखक शिवदत्त ढकाललाई सम्मानित गरिएको छ। कार्यक्रमको अन्त्यमा एक कवि सम्मेलनको आयोजन गरियो जसमा लगभग १५ कविहरूले आफ्नो रचनाहरू प्रस्तुत गरेका थिए। उक्त कार्यक्रममा अलग-अलग क्षेत्रहरूबाट लगभग २०० जना साहित्यिक व्यक्तित्वहरूले भाग लिएका थिए।

## नोट प्रतिबन्धबारे चर्चा

काठमाडौं। भारू पाँच सय र दुई हजार दरका नोटमा प्रतिबन्ध लगाउने नेपाल सरकारको दुई साताअघिको निर्णयमाथि भारतको संसद्मा चासो व्यक्त गरिएको छ। भारतको माथिल्लो सदन राज्यसभामा सांसदहरूले नेपाल सरकारको उक्त निर्णयबारेमा भारत सरकारबाट जवाफ मागेका थिए। समाजवादी पार्टीका सांसदद्वय रवि प्रकाश बर्मा र निरज शेखरले 'नेपाल सरकारको निर्णयको पछाडि रहेका केकस्तो कारण रहेको, यस विषयमा भारतको विदेश मन्त्रालयले नेपाली पक्षसमक्ष छलफल गरेको छ कि छैन ? यदि छ भने नेपाली पक्षको प्रतिक्रिया के रह्यो ? र यदि छलफल गरिएको छ भने त्यससम्बन्धि पृष्ट जवाफ दिन' विदेश मन्त्रालयसमक्ष माग गरेका थिए।

# आर्थिक समाचार

## नेपाल रेमिटर्स एसोसिएसनमा पोखरेल

काठमाडौं। नेपाल रेमिटर्स एसोसिएसनको अध्यक्षमा आइएमई लिमिटेडका सुमन पोखरेल निर्वाचित भएका छन्। बिहीबार राजधानी काठमाडौंमा सम्पन्न १३औं साधारण सभाले पोखरेललाई निर्विरोध निर्वाचित गरेको हो। साधारण सभाले निवर्तमान अध्यक्ष दिवाकर थापा ( हुलास रेमिटेन्स प्रा.लि), उपाध्यक्षमा चन्द्र टण्डन (सिटी एक्सप्रेस मनी ट्रान्सफर प्रा.लि), महासचिवमा रितेश मित्तल (नेपाल रेमिट इ. प्रा.लि), कोषाध्यक्षमा संजय सिग्देला (सुर्य रेमिट प्रा.लि) र सचिवमा इन्द्र शर्मा (आइपे रेमिट प्रा.लि) लाई निर्विरोध मनोनयन गरेको छ। यस्तै, सदस्यहरूमा युमा श्रेष्ठ (हिमालयन बैंक लिमिटेड), प्रविन अधिकारी ( युनाइटेड रेमिट प्रा.लि), दीपेन्द्र खनाल (इजीलिंक प्रा.लि)लाई चयन गरेको हो।

## प्राइमको शाखा दाङको ताप्लीमा

दाङ। शाखा संजाल बिस्तारको क्रममा प्राइम कमर्सियल बैंक लिमिटेडले उदयपुरको ताप्ली गाँउपालिकामा शाखाको शुभारम्भ गरेको छ। यस शाखाको संचालन पछि बैंकको शाखा कार्यालय संख्या ७१ पुगेको छ। स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा आज एक समारोहका बिच ताप्ली गाँउपालिका अध्यक्ष उद्धव सिंह थापाले शाखा कार्यालय ताप्लीको उद्घाटन गरे।

## जनरल इन्स्योरेन्स सञ्चालन

नेपालगञ्ज। सानिमा जनरल इन्स्योरेन्स, नेपालगन्ज शाखाको एक समारोहका बीच नेपालगन्ज उप महानगरपालिकाका मेयर डा. धवल शमशेर राणाले रिबन काटेर उद्घाटन गरेका छन्। सानिमा जनरल इन्स्योरेन्स, कम्पनीका संचालक तथा कार्यक्रमका सभाध्यक्ष खेमराज लामिछानेको अध्यक्षतामा तथा नेपालगन्ज उद्योग वाणिज्य संघका महासचिव अजय कुमार टण्डनको बिशेष अतिथिमा कम्पनीका सहायक महा प्रबन्धक राजु पौडेलले स्वागत मन्तब्य ब्यक्त गर्दै कम्पनीको बारेमा प्रकाश पारेका थिए।






# "सम्बन्ध नयाँ उचाइमा पुऱ्याउन चाहन्छौं"



काठमाडौं। परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीले भारतसँग अघि बढ्दै द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने नेपालले अपेक्षा राखेको बताएका छन्। भारतसँग सबै सहमति कार्यान्वयन गर्नुका अलावा द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने नेपालको अपेक्षा रहेको उनले बताए। भारतको राजधानी नयाँ दिल्लीमा भारतीय विदेश मन्त्रालयको सहकार्यमा स्वतन्त्र थिंक ट्याङक् 'अब्जर्भर रिसर्च फाउण्डेशन'ले आयोजना गरेको राइसिना डाइलगमा सम्बोधन गर्दै मन्त्री ज्ञवालीले नेपाल र भारतबीचको सम्बन्ध व्यापक रहेको चर्चा गरे। 'भारत हाम्रो सबभन्दा ठूलो व्यापारिक साझेदार हो। हामीहरू भूगोल, इतिहास, धर्म र संस्कृतिमार्फत जोडिएका छौं', उनले भने।

नेपाल र भारतले साझा प्रगति र समृद्धि, थप राम्रो भौतिक सम्पर्क र जनताबीचको थप मजबूत सम्बन्धका दिशामा अघि बढ्न सक्ने मन्त्री ज्ञवालीले भने। उनले नेपालको परराष्ट्रनीति सबैसँग मैत्री गर्ने र कसैसँग दुश्मनी नगर्नेमा आधारित रहेको पनि प्रष्ट पारे। यस वर्षको राइसिना डाइलगको विषयवस्तु 'बदलिँदो विश्व व्यवस्था : नयाँ ज्यामितिहरू, तरल साझेदारीहरू, अनिश्चित परिणामहरू' रहेको छ। मन्त्री ज्ञवालीको सम्बोधन पनि बदलिँदो विश्व व्यवस्थामा नेपालको भूमिका र भारतसँग नेपालको सम्बन्धमा केन्द्रित थियो। यसैबीच दिल्लीमा परराष्ट्रमन्त्री ज्ञवाली र भारतीय समकक्षी सुष्मा स्वराजबीच भेटवार्ता भएको छ। भेटमा आपसी सम्बन्ध र द्विपक्षीय हितबारे छलफल भएको बताइएको छ। भ्रमणका क्रममा उनले भारत सरकारका उच्च अधिकारीसँग भेटघाट गर्नेछन्। मन्त्री ज्ञवाली शुक्रबार स्वदेश फर्किने कार्यक्रम छ।

## प्रधानसेनापति भारत जाँदै

काठमाडौं। नेपाल सरकारको निर्णय बमोजिम प्रधानसेनापति पूर्णचन्द्र थापा शुक्रबार भारत भ्रमणमा जाँदैछन्। भारतका स्थल सेनाध्यक्ष जनरल विपिन रावतको औपचारिक निमन्त्रणामा उनको भारत भ्रमण हुन लागेको हो। प्रधानसेनापतिको नियुक्ति पश्चात् पहिलो पटक हुन लागेको भारत भ्रमणको सिलसिलामा थापालाई शनिबार भारतका राष्ट्रपति राम नाथ कोविन्दले भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जाको दर्ज्यानी चिन्हबाट सम्मान गर्ने कार्यक्रम रहेको छ। दुवै देशका सेना प्रमुखहरूलाई कदरस्वरूप मानार्थ महारथी दिने ऐतिहासिक प्रचलन रहिआएको छ।

## मधेश राजनीति...

कम्प्युटरले लड्ने होइन। विभेदको युद्ध दस्तावेजीकरण गरेर नियम कानूनबाट लडिन्छ। र, त्यही नियम कानुन बनाएर मधेशीलाई दास बनाइदैछ। नियमकानुन बनाउनमा नेपाली संसदीय व्यवस्थाका खेलाडीहरू माहिर छन्। उनीहरूले आफ्नो कलाकौशल प्रर्दशन गर्दैछन् र मधेश राजनीतिबाट नेपाली राजनीतिमा समाहित भएका फोरम-राजपा आफू विरूद्धको नियमहरूमा हस्ताक्षरकर्ता बनेका छन्।

मधेशमा बैकल्पिक शक्तिका रूपमा देखिएका स्वतन्त्र मधेश पक्षहरू संख्यात्मक रूपमा बृद्धि भएका छन्। गतिविधिहरू बढाएका छन्। एजेण्डागत रूपमा अडिग छन्। तर राज्यको क्रुरता बढ्दैछ। र, त्यो क्रुरतालाई मधेशवादी दलले पनि सहयोग गरेको छ। त्यसकारण 'स्वतन्त्र मधेश'को वैकल्पिक राजनीति परिपक्व हुन केही समय लाग्ने भएको छ। केही अवरोधहरू सिर्जना गरिँदैछ। यी अवरोधहरूले बैकल्पिक राजनीतिलाई शिथिल बनाएको देखाए पनि त्यो परिपक्वताका लागि समय दिइएको हो। त्यसकारण मधेशमा वैकल्पिक राजनीतिको प्रभाव बढ्दै जानेछ। र, नेपालीकरणमा समाहित भएका फोरम-राजपालाई घाटा हुने स्वभाविक छ।

केहीदिन अघिसम्म तीन धारमा देखिएको मधेश राजनीति अब दुईधारमा मात्र देखिएको छ। नेपाली राजनीति पक्षधर (कांग्रेस-नेकपा), मधेश मूलधार राजनीति (राजपा-फोरम) र मधेशको वैकल्पिक राजनीति (स्वतन्त्रता पक्षधर) गरी तीनवटा धार थियो। तर अहिले नेपाली राजनीतिमा मधेशको मूलधारको राजनीतिमा समाहित भएपछि अब नेपाली राजनीति र मधेशको वैकल्पिक राजनीति मात्र कायम छ। अब यो दुई राजनीतिक द्वन्द्वमा मधेशलाई आफ्नैबाट पनि क्षति पुग्ने सम्भावना छ।

उदाहारणका लागि सयौं वर्षदेखि नेपाली शासन व्यवस्थामा हालिमुहाली रहेका मधेशका 'इलिट' अर्थात मधेशका सीमित जातीका सीमित व्यक्तिलाई सामाजिक बहिष्करणका लागि स्वतन्त्र मधेश पक्षधरले एउटा अभियान चलाएका थिए। जसलाई सामाजिक सञ्जालमा मिथिला र मैथिल ब्राम्हण विरोधीको रूपमा हेरियो। र, यस द्वन्द्वमा कयौं मधेशी ब्राम्हण वा इलिटहरू रूष्ट भए। तर त्यो अभियानले कुनै जात वा भाषा, संस्कृति विरूद्ध थिएन। त्यो अभियान त मधेशीलाई बलिप्रदान गराउने नेपाली राज्यसत्ताका सदाबहार दलालहरू विरूद्ध थियो। जसले पुन: मधेश आन्दोलनहरूका उपलब्धिलाई नेपाली राज्यसत्ता सामु बेच्दै थिए। र, मधेशीजनलाई भ्रमित गर्दैथिए। तर, यसलाई द्वन्द्वका रूपमा लिँदा मधेशभित्रै 'ब्याक फाइर' भयो।

मधेशलाई राजनीतिक रूपमा सशक्त बनाउन आवश्यक छ। सांस्कृतिक, भाषिक र धार्मिक रूपमा मधेश शक्तिशाली छ। त्यसकारण मधेशलाई राजनीतिक रूपमा कमजोर पार्न सांस्कृतिक, भाषिक र धार्मिक एजेण्डाहरूलाई नेपाली राज्यसत्ताले उपयोग गर्न सक्छ। त्यसबाट मधेशीजनले सजगता अपनाउनु जरूरी छ। र, मधेश राजनीतिलाई नेपालीकरण र नेपाली राजनीतिमा 'को-अप्ट' (समाहित) हुनबाट रोक्नु पर्नेछ। अनी मात्र मधेश राजनीति सवल हुनेछ। मधेशको मानव अधिकार र मधेशीको विभेदरहित समाजको परिकल्पना मधेश राजनीति सवल भए मात्र सम्भव छ।





## नेपालले स्याटलाइट प्रयोग गर्ने

काठमाडौँ। भारतले सामरिक उद्देश्यका साथ स्थापना गरेको साउथ एशिया स्याटलाइटको स्पेशलाई प्राकृतिक प्रकोपको आपत्कालिन सूचना आदान-प्रदानमा प्रयोग गर्ने गरी तयार नेपाल सरकारले गरेको छ। सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले गृहमन्त्रालय मार्फत् तीनै तहबीच प्राकृतिक विपत्तका आपत्कालिन सञ्चार तथा सूचना अदानप्रदानका लागि यसको प्रयोग गर्न लागेको हो। त्यसका लागि केन्द्र, प्रदेश तथा स्थानीय तह सबैलाई उपयोग हुने संयन्त्र स्थापना गरेर आपतकालिन सेवाका लागि स्याटलाइटको स्पेश प्रयोग गर्ने तयारी गरिँदैछ। भारतले डेढ वर्षअघि छाडेको साउथ एशिया स्याटलाइटको स्पेशमा ३६ मेगाहर्ज ब्यान्डविथ प्रयोग गरी नेपाललाई नि:शुल्क उपलब्ध गराएको हो। त्यसको व्यापारिक मूल्य वार्षिक रूपमा एक अर्ब डलर भन्दा बढी छ। यस सम्बन्धमा नेपाल-भारतबीच २०७२ फागुनमा द्विपक्षीय सहमतिमा हस्ताक्षर भएको थियो। भारतले उपलब्ध गराएको स्पेश नेपालले प्रशारण, सञ्चार, प्राकृतिक विपत्तिको व्यवस्थापनदेखि टेलि-मेडिसिनसम्ममा प्रयोग गर्न सक्नेछ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं